पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३० अङ्क : ४० २०७० जेठ १७ गते शुक्रबार (May 31, 2013) मूल्य रू. ७/-

## राप्रपा नेपाल गद्गद्



काठमाडौं । राप्रपा र राजपा एकीकरण भएको २ हप्ता नपुग्दै एकता समितिका संयोजक विश्वबन्धु थापा, नरबहादुर बुढा, वरिष्ठ नेता राजेश्वर देवकोटा राप्रपा नेपालमा प्रवेश गर्ने 'मुड' बनाउन थालेका छन् । हिन्दू धर्म र संवैधानिक राजतन्त्रको मुद्दा छाड्नु हुन्न भन्दा सूर्यबहादुर थापा र पशुपति शमशेर राणाले यो एजेण्डालाई महाधिवेशनमा छलफल नै नगराएपछि यी नेताहरू असन्तुष्ट भएका थिए । त्यसमाथि केही नेताहरूको सहमतिमा सूर्यबहादुर थापालाई त्यसै अध्यक्ष घोषणा गरिएको थियो । पार्टीभित्र युवाहरू असन्तुष्ट (बाँकी अन्तिम पेजमा)

### असन्तुष्टहरु आक्रोशित, सडकबाटै संविधान, विद्रोहबाटै सत्ता कब्जा

# चार दललाई तेत्तिस दलको चेतावनी

काठमाडौं । 'न वार्ता हुन्छ, न पार्टी दर्ता हुन्छ । हाम्रो आन्दोलन जारी रहन्छ ।' गत मंगलबार ३३ दलले काठमाडौंको खुलामञ्चमा आमसभा गरेर यस्तै घोषणा गरे । संयुक्त आमसभामा नेकपा-माओवादीले आफ्नो निर्णय





सुनायो- प्रधानन्यायाधीशबाट खिलराज रेग्मीले राजिनामा दिए वार्ता हुन्छ, नेकपा-माओवादी एमाओवादीमा फर्कन्छ भनेर हल्ला फिँजाइएको छ । हामी भन्छौं, राष्ट्रघाती, जनघातीहरू यस्ता षड्यन्त्र गरिरहन्छन् । जनताको संविधान लेख्नका लागि हामी सडकबाट संविधान र विद्रोहबाट सत्ता कब्जा गर्छौं । अन्य दलका नेताहरू पनि यस्तैगरी कुर्लिए- विरोधले पुगेन, अब विद्रोह गर्नुपर्छ ।

३३ दलले २५ बुँदे संविधान संशोधन र ११ बुँदे सहमतिको खारेजी, खिलराज सरकारको राजिनामा र राजनीतिक नेतृत्वमा राष्ट्रिय सरकारको सर्त राख्दै (बाँकी अन्तिम पेजमा)

## गण नदेखिएको गणतन्त्र दिवस

काठमाडौं । जेठ १५ गते गणतन्त्र दिवस भनियो । ४ दलीय सिन्डिकेट र सत्ताधारीलाई मात्र आएको गणतन्त्र दिवसमा गण (जनता) कतै पनि देखिएनन् । राष्ट्रपति डा.रामवरण यादवले 'विगतका त्रुटी नदोहोऱ्याउने प्रतिबद्धतासहित अघि बढ्ने सन्देश दिएर आत्मालोचना गरेपनि जनताले पत्याएनन् । गणतन्त्र दिवसमा आम जनता सहभागी भएनन् । मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीले गणतन्त्र संस्थागत गर्ने जिम्मेवारी सबैको हो भने पनि हिजो गणतन्त्र ल्याउन अग्रहसर अधिकारकर्मी, कानुन व्यवसायी, पत्रकार, व्यवसायीहरूले सरकारी कार्यक्रम बहिस्कार गरे, आफ्नै प्रकारले गणतन्त्र दिवस मनाए । (बाँकी अन्तिम पेजमा)

## दलहरूकै कारण रेग्मी सरकार चेपुवामा

अभियान संवाददाता

काठमाडौं । एकीकृत नेकपा माओवादीले आफ्नो पार्टीको महाधिवेशनबाटै निर्णय गरेर सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई चुनावी सरकारको नेतृत्व सुम्पन गरेको निर्णयलाई कांग्रेस र एमालेले तत्कालिन प्रधानमन्त्री डा.बाबुराम भट्टराईलाई हटाउने बलियो अस्त्रको रूपमा ग्रहण गरेपछि रेग्मीले मन्त्रिपरिषद्को अध्यक्ष बन्ने सौभाग्य पाएका थिए ।

फागुन ३० गते प्रमुख चार दल एमाओवादी, कांग्रेस, एमाले र मधेसी मोर्चाबीच ११ बुँदे सहमति र त्यही सहमति अनुसार चैत्र १ गते भएको संविधानको बाधा अड्काउ फुकाउन गरिएको २५ बुँदे सहमति नै अहिले निर्वाचनका लागि बाधक दखिएको छ । रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनुपर्ने तर्क त्यसैबेला नआएकोमा अहिले यिनै चार दलका शीर्ष नेताहरू नै रेग्मीको रानिजामा माग्न थालेका हुनाले प्रमाणित हुन्छ हाम्रा नेताहरूमा कुनै अडान नै छैन । अनि हतार हतारमा निर्णय गरेर फुर्सदमा पछुताउँछन् भन्ने ।

एमाओवादीबाट विभाजित भएर बनेकणे नेकपा-माओवादीलगायतका अन्य साना ३३ दलले रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा नदिई निर्वाचनमा भाग नलिने उद्घोष गर्दै सडक संघर्षमा उभिएका छन् । निर्वाचन आयोगले निर्वाचनका लागि मतदाता नामावली संकलन गरेपनि ३३ दलका कार्यकर्ताबाट त्यसमा बाधा सिर्जना भएको हुनाले मतदाता नामावली संकलन गर्ने कार्यमा अवरोध सिर्जना भएपछि आयोगले कार्य रोक्नु परेको अवस्थामा निर्वाचन (बाँकी अन्तिम पेजमा)

## मिति तोक्दैमा निर्वाचन हुन सक्दैन

अभियान संवाददाता

काठमाडौं । प्रमुख चार दल एमाओवादी, कांग्रेस, एमाले र मधेसी मोर्चाबीच नै विवाद सिर्जना भएपछि खिलराज रेग्मी नेतृत्वमा रहेको सरकारले निर्वाचनको घोषणा गर्न सकेको छैन । चार दलले चार दलीय सिन्डिकेट लागु गरेर उनीहरूको मात्र सहमतिमा सरकार सञ्चालन गर्न खोजेको हुनाले एमाओवादीबाट विभाजित भइ गठन भएको नेकपा-माओवादीसहितका ३३ दलले सडक संघर्षका कार्यक्रमहरू सञ्चालन गरिरहेको अवस्थामा निर्वाचनको मिति घोषणा गरिए पनि निर्वाचन हुन सक्ने कुरामा विश्वास गर्न सकिने आधारहरू देखिएका छैनन् ।

नेकपा-माओवादीसहित मधेशी जनअधिकार फोरम नेपाललगायत शरतसिंह भण्डारी र अशोक राई नेतृत्वमा रहेका दलहरूले उठाएका मागहरू सम्बोधन नभएको खण्डमा निर्वाचन हुन सक्दैन । पछिल्लो समयमा नेकपा-माओवादीलगायतका अन्य दलहरूले मतदाता नामावली संकलनमा अवरोध सिर्जना गरिरहेका हुनाले मिति तोक्दैमा निर्वाचन हुन सक्दैन भन्ने बलियो प्रमाण (बाँकी अन्तिम पेजमा)

## रेग्मीले भने- 'राजिनामा दिन्नँ'

काठमाडौं । गत फागुन ३० गते ११ बुँदे सहमति गर्दै त्यही सहमतिका आधारमा संविधानको बाधा अड्काउन धारा १५८ मार्फत् संविधानका २५ वटा धाराहरू संशोधन गरेर बहालवाला सर्वोच्च आदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीलाई काजमा ल्याएर सरकारको नेतृत्व जिम्मा लगाउने दलहरू मध्येका नेपाली कांग्रेस र नेकपा एमालेले अहिले रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनुपर्ने आवाज उठाएका छन् । कथित ठूला भनिएका चार दल एमाओवादी, कांग्रेस, एमाले र मधेसी मोर्चाले मात्र समहति (बाँकी अन्तिम पेजमा)

## स्ववियु चुनावमा सिन्डिकेट नांगियो

काठमाडौं । २ वर्षमा हुनुपर्ने विद्यार्थी संगठनहरूको चुनाव ५ वर्षपछि हुन लागेको छ । जेठ २३ गते हुने भनिएको चुनावमा खास प्रतिद्वन्द्वी हुन्, एमाओवादीको अखिल क्रान्तिकारी, कांग्रेसको नेविसंघ र एमालेको अनेरास्ववियु । मधेसका २२ जिल्लामा मधेसी मोर्चा निकट विद्यार्थी संगठन ।

तर, निर्वाचनमा आफ्नो बर्चस्व कामय गर्न र चुनाव जित्न सिन्डिकेटका सदस्य पार्टीहरूले भातृसंगठनका रूपमा रहेका विद्यार्थी संगठनलाई रातारात नक्कली विद्यार्थी भर्ना गर्न उक्साए । सबै संगठनले हजारौं नक्कली विद्यार्थी भर्ना गरे । यो कुरा क्रान्तिकारी, नेविसंघ, अनेरास्ववियुले स्वीकार पनि गरे । निर्वाचन प्रयोजनका लागि भर्ना गरिएका (बाँकी अन्तिम पेजमा)

## सरकार नै ठगीमा संलग्न

काठमाडौं । बैदेशिक रोजगारमा जाने गरिब नेपाली जनतालाई ठग्न सरकारले नै बैदेशिक रोजगार व्यवसायीलाई छुट दिएको छ । सरकारले विश्व श्रम संगठन ( आईएलओ) अभिसन्धीविपरित विदेशमा काम गर्न जाने नेपालीबाट रकम उठाउने अनुमति दिएपछि त्यसरी नेपालीहरू ठगिएका हुन् । यसरी अभिसन्धी विपरित रकम असुलउपर गरेर बैदेशिक रोजगार व्यवसायीहरूले अरबौं रूपैयाँ उठाएका भएपनि उनीहरूले राज्यलाई कर भने तिरेका छैनन् ।



सरकारले बैदेशिक रोजगार ऐन नियमावली देखाउँदै रोजगार प्रबर्द्धनका लागि भनेर विभिन्न देशमा काम गर्न जाँदा लाग्ने शुल्क तोकिदिएपछि व्यसायीहरूले खुलमखुल्ला ठग्न पाएका हुन् । सरकारले आईएलओ १८१ को कन्भेन्सन विपरित शुल्क तोकिदिएको छ । अर्को देशको भीसा सरकारले बेच्नु र भीसा शुल्क उठाउनु अन्तर्राष्ट्रिय नियम विपरित भएपनि त्यसलाई सच्याउने कार्यमा भने सरकारले सक्रियता देखाएको छैन । श्रम तथा रोजगार मन्त्रालयले नीतिग निर्णय गरेर मलेसियाका ८० हजार, खाडी राष्ट्रका लागि ७० हजार, लिवियाका लागि ९० हजार, मरिससका लागि ८९ हजार ९ सय र अल्जेरियाका लागि १ लाख १८ हजार रुपैयाँ तोकेको (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।
¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥
मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।
¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥
कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

## मुलुक चारदलको पेवा होइन ?

*पहिलो संविधानसभाको हत्या भएको एक वर्ष पुरा भएको छ । संविधानसभाको हत्या गरिएपछि संविधान निर्माण गर्ने कार्य मात्र अवरुद्ध भएन कुन पार्टीको नेतृत्वमा सरकार गठन गर्ने भन्ने विषयमा ठूला दल भनिएका एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेशवादी दलहरुको मोर्चाको सहमतिमा सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई सरकार प्रमुख बनाउनका लागि असंवैधानिक तरिकाले संविधान संशोधन नै गरे । विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकहरुमा केही दलहरुको सहभागितामा राष्ट्रपतिले संविधान संशोधन गरेको इतिहास छैन ।*

*एउटा व्यक्तिलाई सरकार प्रमुख बनाउन संविधान नै संशोधन गर्न सहमति जनाउने दलहरुले पछिल्लो पटक मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनु पर्छ भन्ने माग गर्नु पहिला आफैंले गरेको सहमतिलाई अस्वीकार गर्नु मात्र होइन, आफैंले आफैंलाई अविश्वास गर्नु समेत हो । रेग्मीलाई सरकार प्रमुखको जिम्मेवारी दिंदा मंसिर महिनाभित्रमा निर्वाचन गराउन म्याण्डेट दिएका दलहरुले अहिले आएर फागुन ३० र चैत्र १ गते भएको ११ बुँदे सहमति र संविधानको बाधा अड्काउ सम्बन्धी २५ बुँदे सहमतिको उल्लंघन गर्नु भनेका संविधानसभाको निर्वाचन गराउन नखोज्नु नै हो । नेपालको अहिलेको पहिलो अवाश्यकता भनेको निर्वाचन नै हो । तर निर्वाचन नै पहिलो आवश्यकता हो भनेर जनता-जनता बीच नै मारकाट हुने र मुलुकको अस्मिता नै समाप्त हुने खालको निर्वाचनको आवश्यकता छैन । हत्या गरिएको संविधानसभामा उपस्थित भएका दल र तिनीहरुबाट विभाजित भएर बनेका दलहरुको सहमति भएको खण्डमा मुलुक निर्वाचनमा जान सक्छ । राजनीतिक दलहरुबीच सहमति नभएको खण्डमा रेग्मी सरकारले किमार्थ निर्वाचन गराउन सक्दैन ।*

*रेग्मी सरकारलाई निर्वाचन गराउने म्याण्डेट चार दलले दिएका हुनाले रेग्मी सरकारलाई सहयोग र समर्थन गर्नु चार दलको कर्तब्य र दायित्व हो । अहिले आएर तिनै चार दल र आ-आफ्ना दलभित्र समेत रेग्मी सरकारका बारेमा विवाद र आरोप-प्रत्यारोप चलेको हुनाले आउँदो मंसिरमा निर्वाचन हुने कुरामा आशंका उत्पन्न भएको छ । नयाँ संविधान जारी नगरी संविधानसाको हत्या किन गरियो ? के दलहरुले अब पनि त्यसको दोष एक अर्कालाई लागएर आफू पन्छिन खोज्नुले निर्वाचन सम्भव होला ? के अब पनि दलहरू वादविवाद, दलगत स्वार्थ र व्यक्तिगत स्वार्थलाई हेरेर सत्ताको वरिपरि घुमिरहने हो भने किमार्थ निर्वाचन सम्भव छैन । राज्यको बागडोर हातमा लिइसकेका व्यक्तिहरु दलगत स्वार्थ र व्यक्तिगत महत्वाकांक्षा लिएर अगाडि बढ्दै गएमा दलहरुबीच सहमतिको गुन्जायस नै नरहने भएको हुनाले आउँदो मंसिरमा हैन, अर्को मंसिरमा समेत निर्वाचन हुन सक्दैन ।*

*हठात रुपमा राजतन्त्रको अन्त्य गरेर राजनीतिक दलहरुले मुलकलाई अन्धकारको मार्गतर्फ उन्मूख गराएकै कारण मुलुकले अहिलेको जस्तो संवैधानिक संकट भोग्नु परेको सत्य वास्तविकता हो । यदि दलहरुले दलगत स्वार्थ र व्यक्तिगत महत्वाकांक्षा त्यागेका भए मुलुकले पहिला नै संविधान पाइसक्थ्यो । तर दलगत स्वार्थका लागि दलहरु लडेका र पहिला सहमति गर्ने अनि पछि त्यसलाई अस्वीकार गर्दै एक अर्कामाथि आरोप-प्रत्यारोपमा दलका शीर्ष नेताहरु उत्रने पुरानै रोगका कारण दलहरुले दलीलय व्यवस्थामा निर्दलीय सरकार गठन गर्न पुगे । एउटा व्यक्तिलाई सरकार प्रमुख बनाउनका लागि असंवैधानिक तरिकाले संधिवान संशोधन गरेर चार दल बाहेका अन्य दलहरुलाई पाखा लगाउने र चार दलले मात्र मुलुकको ठेक्का लिएका हुनाले मुलुक दिनप्रतिदिन संकटको भुमरीमा फसेको छ । अबको निकास भनेको सबै दलको सहमतिमा दलीय सरकार गठन गरेर निर्वाचनमा जानु नै उचित विकल्प हुन सक्छ ? नेकपा-माओवादीलगायतका अन्य ३३ दलका मागहरु सम्बोधन नगरी रेग्मी सरकारलाई निर्वाचनको मिति घोषणा गर्न लगाए पनि निर्वाचन हुन नसक्ने ठहर हामीले गरेका छौं । तसर्थ तत्कालिन संविधानसभामा उपस्थित भएका दलहरुको सहयोग र समर्थन लिएर मात्र अगाडि बढ्न हामी चार दललाई आग्रह गर्दछौं ।*

# दलहरूकै कारण गणतन्त्र संकटमा

*देवेन्द्र चुडाल*

पहिलो संविधानसभाको निर्वाचनमा सबैभन्दा ठूलो दल बन्न सफल भएको एकीकृत नेकपा माओवादी पछिल्लो समयमा मुलुकको लागि घाँडो सावित भएको छ । दश वर्षे जनयुद्ध गरेर झन्डै १७ हजार निर्दोष नेपाली जनताको हत्या गर्दै विकास निर्माणका कार्यहरू ध्वस्त गर्ने माओवादीकै कारण नेपाल विकास निर्माणको कार्यमा ५० वर्ष पछि धकेलिएको अलिहेको अवस्थामा गणतन्त्र नेपाली जनताका लागि 'आकाशको फल' आँखातरि मर' सरह मात्र भएको छ । २०६३ साल पछि सात वर्षभित्रमा नेपाली जनताले न त संविधान नै पाए न विकास निर्माणका कार्यहरू नै । नेपाली जनताले दुई वर्षको म्याण्डेट दिएर संविधान निर्माण गर्न पठाएका प्रतिनिधिहरूले जनताको आदेशलाई उल्लंघन गर्दै संविधानसभाको पदावधि पटक-पटक थप गरेर चार वर्ष पुऱ्याएपनि संविधानसभाको माग गर्ने तत्कालिन माओवादीकै नेतृत्वमा रहेको सरकारले संविधानसभाको हत्या गर्नुले हालको एकीकृत नेकपा माओवादीको नियतमाथि प्रश्न चिन्ह खडा भएको छ । आफैंले जन्माएको बच्चा वा शिशु मार्ने मनिसलाई सजाय हुन्छ, त्यो विश्वव्यापी सिद्धान्त हो, तर एमाओवादीका नेताहरूलाई आजसम्म कुनै सजाय भएको छैन । आखिरी किन ? पछिल्लो समयमा एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल आफूले राजनीतिक, सामाजिक र शान्ति प्रक्रियामा पुऱ्याएको योगदानको बारेमा विश्व समुदायले आफूलाई सम्मान नगरेको भन्दै दुःखेसो पोख्न थालेका छन् । झण्डै २२ वर्षदेखि पार्टी अध्यक्ष रहेका दाहालले त्यस्तो दुःखेसो पोखिरहँदा चितवनको बाँदरमुढेमा बसमित्र आगो लगाएर हत्या गरिएका परिवारहरूले के भने होलान् ? सजिलै अनुमान गर्न सकिन्छ ।

संविधानसभाको निर्वाचनपछि गठन भएका प्रत्येक सरकारहरू एक प्रकारले असंवैधानिक नै भएपनि नेपाली जनताले संविधान पाउने आशामा स्वीकार गरे । तर राजनीतिक दलहरूले संविधान निर्माणको कार्यलाई थाँती राखेर सरकार प्रमुख को हुने र पार्टीगत स्वार्थ कसरी पुरा गर्ने भन्ने कुरामा मात्र ध्यान दिएर नेपाली जनतालाई आश्वसनका झुठा पुलिन्दा बाँडेका हुनाले जनताले अहिले राजनीतिक दललाई विश्वास गर्न सकिरहेका छैनन् । राजनीनिक दलका शीर्ष नेताहरू जनताको हित र मुलुकको हितलाईभन्दा विदेशीहरूको इशारामा नाच्ने र नियुक्ती, सरुवा-बढुवामा समेत विदेशीको निर्देशन पालना गर्ने काममा सक्रिय भएका हुनाले, विदेशी हस्तक्षेप बढेको वास्तविक सत्यलाई दलहरूले स्वीकार गर्ने पर्दछ । संविधानसभाले मध्यरातमा राजतन्त्र उन्मूलन गर्ने निर्णय गर्दा नेपाली जनतालाई सोधिएन । जनताले राजतन्त्र उन्मूलन गर्ने म्याण्डेट राजनीतिक दललाई दिएका थिएनन् । राजाद्वारा असंवैधानिक तरिकाले पुनर्स्थापना गरिएको तत्कालिन प्रतिनिधिसभाले निर्णय गरी कार्यान्वयन गर्ने जिम्मेवारी संविधानसभालाई दिइएको थियो । संविधानसभाले तत्कालिन प्रतिनिधिसभाले गरेको निर्णय कर्यान्वयन गरेको हुनाले संविधानसभा सार्वभौमसत्ता सम्पन्न थिएन भन्ने प्रमाणित भएको छ । विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकमा मुलुकलाई दुरगामी असर पर्ने निर्णय गर्नुपरेको खण्डमा जनताको राय लिने गरिएको इतिहास साक्षी रहेको छ । तर नेपालमा भने जनताको राय बेगर एकलौटी ढंगले निर्णय गरेर मध्यरातमा राजतन्त्र उन्मूलन गर्ने निर्णय गरियो ।

पछिल्लो समयमा नेपालको राजनीतिमा विदेशी हस्तक्षेप व्यापक मात्रामा बढेको छ । त्यसरी विदेशी हस्तक्षेप बढाउने र त्यसलाई स्वीकार गर्ने दलहरू नै हुन् । त्यसको सुरुवात नेपालका लागि भारतीय राजदूत शिवशंखर मुखर्जीबाट भएको हो । गणतन्त्र स्थापनाको श्रेय माओवादीले पाएपनि उ पनि विदेशी शक्तिको निर्देशनमा सञ्चालित भएको थियो भन्ने प्रमाणित त मुखर्जीले प्रतिनिधिसभा रहेकै बेला विभिन्न दलका नेताहरूसँग भेटघाट गरी तपाईंहरूले राजतन्त्रको अन्त्य अहिले नै गरेपनि आधाघण्टाभित्रमा भारत सरकारले त्यसलाई समर्थन गर्छ भन्ने अभिव्यक्ति दिनु नै पर्याप्त थियो । २०६२/०६३ को १९ दिने आन्दोलन भारतको सहययोग र समर्थनमा टुंगिएको थियो । राजाले दलहरूलाई सत्ता सुम्पिने, संवैधानिक राजतन्त्र रहने र माओवादीलाई शान्ति र प्रजातान्त्रिक शक्तिका रुपमा रूपान्तरित गरी प्रजातन्त्र, स्थायित्व र आर्थिक सम्बृद्धिका लगि मार्ग प्रशस्त गर्ने भन्ने थियो । तर ठीक त्यसको उल्टो राजाद्वारा उल्टाइएको तत्कालिन प्रतिनिधिसभाले २०६३ जेठ ४ गते राजसंस्थालाई निलम्बन गर्ने निर्णय गरेर जनता-जनताबीच मारकाट र द्वन्द्वको विजारोपण गरिएको हुनाले मुलुकले अहिले त्यसको परिणाम भोगिरहेको छ ।

नेपालमा राजसंस्थाको निलम्बन र गणतन्त्रको स्थापनापछि विदेशी हस्तक्षेप नाङ्गो रूपमा बढेको सबैले अनुभव गरेकै विषय हो । उत्तरी छिमेकी मुलुक चीनले दक्षिणी छिमेकी मुलुक भारतको प्रभाव कम गराउन नेपालमाथि आफ्नो हस्तक्षेप बढाउँदै लगेको र नर्वे, स्वीडेनलगायतका केही युरोपेली मुलुकहरूले समेत धर्मका नाममा नेपाल प्रवेश गरेर जातीय राजनीतिलाई प्रश्रय दिन थालेका हुनाले जनता-जनताबीच विभेद उत्पन्न भएको छ । हत्या गरिएको संविधानसभाले सविधान निर्मण गर्न नसक्नुको पछाडि पनि विदेशीहरूको प्रभावले नै काम गरेको छ । जसको परिणाम अहिले हामीले भोग्नु परिरहेको छ ।

नेपाली जनतालाई उपेक्षा गर्दै भारतको सहयोग र समर्थनमा १२ बुँदे सहमति गरेका हुनाले मुलुक अहिले संकटमा फसेको छ । गणतन्त्र स्थापित संस्थासलाई समाप्त पार्न मात्र नाम मात्रको गणतन्त्र स्थापना गरिएको थियो । सातवर्ष बितिसक्दा पनि गणतन्त्र संस्थागत हुन नसक्नुले गणतन्त्र ल्याएको दाबी गर्ने दलदहरूले आजसम्म जनताको प्रष्ट रूपमा गणतन्त्र केका लागि र कसका लागि ? भनेर भन्न सकेका छैनन् । गणतन्त्रमा होस् वा अन्य तन्त्रमा जनताले जित्नै पर्दछ । यो विश्वव्यापी मान्यता हो, तर यहाँ भने दलहरूले जिते, तर जनताले हारे, मुलुकले हाऱ्यो । जनताले जितेको खण्डमा मात्र जुनसुकै व्यवस्था पनि दीगो रहन सक्छ । जनताले हारेको व्यवस्था किमार्थ दीगो रहन सक्दैन । एक बेलायती राजनीतिज्ञले भनेका थिए, म निर्वाचनमा चुनिएँ, तर जनताले हारे । ठ्याक्कै अहिले हाम्रा राजनीतिक दलहरूले जितेको महसूस गरिरहेका बेला जनताले भने हारेका छन् । मुख्यमुख्य कुराहरूको निर्णय गर्ने अधिकार जनतालाई मात्र हुन्छ, जस्तै, संविधान संशोध गर्न । अहिले चार राजनीतिक दलले मात्र सहमति गरेर संविधान नै संशोधन गरे । संविधान संशोधन गर्ने अधिकार राष्ट्रपति र दललाई छैन । तर संशोधन भयो । नेपालको आन्तरिम संविधानले राष्ट्रपतिलाई संविधानको पालक र संरक्षक स्वीकार गरेको भएपनि तिनै राष्ट्रपतिले आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरेर संविधान संशोधन गर्नुले उनी पालक र संरक्षक नभएको प्रमाणित भएको छ ।

राजतन्त्र निलम्बनपछि प्रधानमन्त्री रहेका नेपाली कांग्रेसका तत्कालिन सभापति गिरिजाप्रसाद कोइराला कार्यबाहक राष्ट्रप्रमुख भए, तर उनले नेपाली कांग्रेसको सभापतिबाट राजिनामा दिएनन् । तीन-तीन वटा पद ओगटी रहे । विकृति त्यहीबेला सुरु भएको थियो । त्यसबेला एमाओवादी, एमालेले समेत समर्थन जनाएका थिए । पछिल्लो समयमा एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेसी दलहरूले कोइरालाकै अनुसरण गर्दै बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई प्रधानन्यायाधीशबाट राजिनामा नै नदिई सरकारको नेतृत्व दिने सहमति गरेनुसार रेग्मी दुईवटै पदमा आसिन भएका छन् । दलहरूले पहिला गरेका गल्तीबाट पाठ सिकेर गल्ती सच्याउनुको बदला अर्को गल्ती गर्दै गएका हुनाले, मुलुकको अस्मितामाथि नै प्रश्न उठ्न थालेको छ । अहिले व्यवस्थापिका संसद छैन, त्यसले गर्ने कार्य पनि मन्त्रिपरिषद्ले नै गर्ने गरेको हुनाले खिलराज रेग्मी व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका तीनै अंगको प्रमुख रहेका छन् । रेग्मीलाई संविधासभाको दोस्रो निर्वाचन गर्ने जिम्मेवारी चार दलले दिएका भएपनि यिनै चार दलभित्र समेत रेग्मीको विषयमा विवाद सिर्जना भएको हुनाले रेग्मी सरकारले निर्वाचन मिति घोषणा गरेपनि मंसिरमा निर्वाचन हुने सम्भावना न्यून रहेको छ । एकीकृत नेकपा माओवादीबाट विभाजित भएको नेकपा-माओवादी सहितका ३३ दल निर्वाचनमा नजाने र निर्वाचन हुन नदिने अडानमा रहेका हुनाले चार दलको सिन्डिकेटले निर्णय गर्दैमा मुलुकमा निर्वाचन हुन सक्ने सम्भावना नै छैन । यी सबै कारणहरूले गर्दा गणतन्त्र नै संकटमा पर्ने सम्भावना बढेर गएको छ ।

*devendrachudal@gmail.com*

# रत्नपार्कका चटकेहरू र राजनीतिका नेताहरू


राजन कार्की

'मेची–महाकाली राष्ट्रिय स्वाधीनता अभियान'का ३३ दले अभियन्ताहरूले जेठ १४ गते राजधानीमा संयुक्त आमसभा गरेर घोषणा गरे– 'चुनाव हुन्न, वार्ता पनि हुन्न, निर्वाचन भाँडिन्छ, बिरोधले पुगेन अब बिद्रोह गरिन्छ ।' कात्रो बाँधेर निस्किएका यी आवाजहरू मूल्यहीन हुन् भनेर बेवास्ता गर्न सकिन्न । यी आवाजले असारमा हुन नसकेको निर्वाचन मंसिरमा पनि हुन दिनेछैन । मंसिरमा पनि चुनाव नभएपछि संविधानसभाको निर्वाचन अव कहिले पनि हुनसक्दैन । रक्तपात र गृहयुद्ध मच्चाएर अराजकतामा बाँच्नुभन्दा ०४७ सालको संविधानमा आवश्यक सुधार गरेर लागू गर्दा संसदको निर्वाचन हुनसक्छ, राष्ट्रले स्थिरता र शान्ति पाउँछ ।

जुन बिबादले संविधानसभा मन्यो, ती बिबादहरू अहिले पनि काँचै छन् । ती बिबादमा संवैधानिक र निषेधका बिबादहरू थपिएका छन् । मंसिरमा किन निर्वाचन हुनसक्दैन ? यसबारेमा धेरै माथापच्ची गरिरहन आवश्यक छैन । किनभने थ्रेसहोल्ड, राज्यपुर्सरचना, जातीय संघीयता, संघ र निर्वाचन क्षेत्रको संख्या, पद्धतिलगायतका विषयमा कुरा नमिलेर भएको संविधानसभा मारियो । १२६ जातिको मुलुकमा ती बिबादहरू हिजो थिए, आज छन् र भोलि पनि रहिरहनेछन् । जब राजनीतिक नेतृत्व र विदेशी ताकत बिबाद मिलोस् भन्ने चाहँदैनन् र मिलाउन सक्दैनन् भने कसरी निर्वाचन हुनसक्छ । निर्वाचन भएरमात्र के गर्नु ? संविधान लेखिन सक्दैन । त्यसैले ०४७ सालको संविधानमा फर्कनु बुद्धिमानी हुने देखिन्छ । आखिर राजनीतिक पार्टी यिनै हुन्, राज गर्ने नेताहरू पनि यिनै हुन् भने ०४७ सालमा फर्केर शान्ति, स्थिरता र बिधिसम्मत शासन खोज्न किन लाज मान्ने ?

राजनीतिक दलहरूको अपराधिकरण, भ्रष्टाचार, निरङ्कूशताका कारणले २०६५ साल जेठ १५ सम्मको नेपालको राजतन्त्र फेरि चर्चामा आउन थालेको छ । त्यसपछिका दिनहरूमा राजनीतिक नेतृत्वले गणतान्त्रिक लोकतन्त्र सञ्चालन गर्ने राजनीतिक ल्याकत र नैतिक ताकत आर्जन गर्न नसकेकै कारण संविधानसभा बिघटन हुनपुग्यो, राजनीतिक नेतृत्वले सत्ता अराजनीतिक व्यक्तिको हातमा हालेर संविधानसभाको अर्को निर्वाचनमा जाने भनिए पनि निर्वाचनभन्दा पनि बिबाद र बहसमा राजनीतिक नेताहरू अल्झिरहेका कारण असारमा निर्वाचन नसक्ने भयो, मंसिरमा पनि निर्वाचन हुन्न भनेर भन्न थालिएको छ । राजनीतिक नेतृत्वमा खिया लागेर बेकम्मा र निकम्मा भएकै कारणले गर्दा पूर्व राजतन्त्रको चर्चा एकाएक बढ्न थालेको छ । २०४७ सालको संविधानमै फर्कनुपर्ने आवाज पनि उठ्न थालेको छ ।

पूर्वराजतन्त्रलँई लाञ्छित नगरी राजनीतिक केन्द्रमा टिकिरहन र आफूप्रति तरङ्ग उत्पन्न गर्न सकिन्न भन्ने भ्रमले अहिले पनि एमाओवादीका नेताहरूलाई छाडेको छैन । पूर्वराजतन्त्र आज पनि शक्ति हो । जनताको हावभाव हेरेर र जनताको मूडको पर्खाइमा प्रतिक्षारत यो शक्तिले ०६५ साल जेठ १५ गतेको ६ वर्षसम्म लोकतान्त्रिकरणको प्रक्रियामा कुनै पनि बाधा हालेको छैन । चुपचाप जनताप्रति आशक्त भएर बसेको यो शक्तिलाई घोचेर, अपमानित गरेर एकपटक फेरि एमाओवादी आफूलाई चर्चित पार्ने दुस्प्रयास थालेको अनुमान सबैले गरेका छन् ।

पूर्वराजाको नाम उछालेर रोमान्चक वातावरण सिर्जना गर्न सकिएन भने 'नेताहरूद्धारा नै अर्थहीन पारिएको ०६३ सालको परिवर्तनको रन्को'मा भ्रमित पारेर निर्वाचन जित्न सकिन्न भन्ने बुझेका प्रचण्ड एण्ड महरा कम्पनीले आगामी निर्वाचनमा पूर्वराजालाई एमाओवादीको तर्फबाट उम्मेदवार बनिदिन प्रस्ताव गरेको समाचारले राजनीतिक र कूटनीतिक बृत्तमा निकै चर्चा पाएको छ । एमाओवादीले सुतेको बाघको जुँगा उखेल्न गरेको यो प्रयास राजनीतिक साजिस हो कि माओवादको लोकतान्त्रिक केन्द्रीयताको रणनीति ? स्पष्ट छैन । तथापि एमाओवादी मधेसी मोर्चासँग तालमेल गरेर अथवा कांग्रेस, एमालेका जातीय, क्षेत्रीय नेताहरूलाई लालचमा पार्दै तानेर भए पनि आगामी निर्वाचन नजिति भएको छैन । यद्यपि एमाओवादीको अफरबारे पूर्वराजाले कुनै प्रतिक्रिया जनाएका छैनन् । नेकपा–माओवादीले आफ्ना शर्तहरू पालना भएनन् भने युद्ध गर्नुपरे पनि निर्वाचन भाँडने अडान दोहोऱ्याएको छ । यो स्थितिमा मंसिरमा पनि संविधानसभाको निर्वाचन भएन भने के होला ? भन्ने प्रश्न बारे पूर्वराजा र सत्ताको लिङ्क कायम हुनसक्छ भन्ने विषय पनि उठ्न थालिसकेको छ ।

अख्तियारमा लोकमान सिंह कार्कीको बिरोध गर्नेहरू औचित्य साबित गर भनेर साहस बढाउन थालेका देखिदैछन् । राप्रपा र राजपा एक भए पनि एकीकृत राप्रपाभित्रका लोकेन्द्रबहादुर चन्द, राजेश्वर देवकोटादेखि दोस्रो दर्जाका नेताहरू संवैधानिक राजतन्त्रको पक्षमा उभिएका छन् र राप्रपा नेपालले हिन्दूराष्ट्र, संवैधानिक राजतन्त्र र स्वायत्त शासन प्रणालीको आवाजलाई घन्काएर आगामी निर्वाचनमा बैकल्पिक राष्ट्रवादी प्रजातान्त्रिक पार्टी बन्ने मात्र होइन, निर्वाचन भएन भने जनविद्रोहको शक्तिबाट सत्ता कब्जा गर्ने हुंकारसमेत गरेको छ । 'लोकतान्त्रिक राजतन्त्र'को पक्षमा जनउभार उठेको विश्लेषण गर्नेहरू प्रचण्डको सत्ता कब्जा, कांग्रेसको नम्बर वान बन्ने सपना र एमालेको ठूलो पार्टी बन्ने योजनाका सामु राप्रपा नेपाल सैद्धान्तिक र सांगठनिक रूपमै चुनौति बनिसकेको र कांग्रेस, एमाले र राप्रपा नेपाल मिलेर चुनावमा गए मात्र एमाओवादीको 'कम्युनिष्ट' सत्ता कब्जाको अभिष्ठलाई पराजीत गर्न सकिने बताउन थालेका छन् ।

निश्चय नै ०६२–६३ को जनआन्दोलनको 'बसन्त पर्व' सफलताको रोमान्टिक आकर्षण समाप्त भइसक्यो । राजनीतिक नेताहरूको शीरमा शनि र दिमागमा दुर्भाबनाका किरा सलबलाउने र इन्द्राशनमा भष्मासूर बस्न पुगेपछि घर जलाएर आगो ताप्ने काम हुन्छ भन्ने उदाहरण बिगत ७ वर्षको कालखण्ड हो । वीपीको सिद्धान्तलाई जीपीले सिध्याए, मदन भण्डारीको दूरदृष्टिलाई माधव र झलनाथले भोगटेको चस्मा लगाइदिए । जनयुद्धका नायक चटकतिर लागे, प्रचण्डको चटक अहिले पनि चलिरहेकै छ । चटकेले चमत्कार गर्दैनन् । वाइरन भन्थे– जसले देशको मायाँ गर्दैन, उसले अरू कसैको पनि मायाँ गर्दैन । प्रचण्ड, सुशील, झलनाथ र गच्छदारले सिण्डिकेट खडा गरेर र नागरिकतामा खेलाँची गरेर वाइरनको उक्तिलाई सत्य साबित गरिदिएका छन् । यही कारण हो, देश र जनताको छटपटीबारे भँमिगत गिरोहको भँमिका मन पराउने नेताहरूमा कुनै चासो र चिन्ता देखिएको छैन ।

प्रधानन्यायधीशलाई कार्यपालिकामा बिराजमान गराउँदैमा बिधिको शासन, लोकतान्त्रिक मर्यादाका पालना हुने रहेनछ । बिधिको शासन र लोकतन्त्र संस्थागत हुनका लागि राजनीतिक नेतृत्व र तिनमा नैतिक चरित्र नै चाहिने रहेछ । यो कमी यतिखेर निकै खड्किरहेको छ । सबै दल निर्वाचनमा जान तैयार छन् तर समस्या राजनीतिमा छ, राजनीतिक समस्याबाट निकास निकाल्न निजामती सरकार सक्षम नहुने रहेछ । जेठ ७ गते सप्तरीमा पर्व स्वतन्त्र सभासद सद्रूल हकको घाँटी रेटेर हत्या गरिएपछि जातीय, क्षेत्रीय हिंसा बढ्ने आहट सुनिन थालेको छ । समस्या क्रोनिक बन्दैछ, अझै पनि राजनीतिक नेताहरू सहमतिका सँत्रहरू खोज्न छलफल गर्न तैयार देखिदैनन् । स्थिरता, स्वाधीनता र जनउत्तरदायी शासनको प्रतिक्षालाई परिपूर्ति गर्न यस्ता नादानहरूले कसरी निदान निकाल्लान् ?

३ हप्ता अघिको घटना हो, नेपाल एयरलाइन्सले १५ लाखको लाइफ ज्याकेट किन्न नसकेर ठाडै ३ करोड घाटा खानपुगेछ । दुई थान न्यारो बडी एयरबस जहाज किन्ने निर्णय गर्दै कमिटमेन्ट शूल्क पठाउँदा करोडौं कमिशनको खेल भएको खुलासा भइसक्यो । नियुक्ति, सरुवा, बढुवामा पाल्पालीतिरै ध्यान दिने खिलराजको दृष्टिले प्रधानन्यायाधीशको सरकार पनि बिभेदकारी नै हुनेरहेछ भन्ने देखियो । अर्थात् देशको व्यवस्थापन गर्ने बर्ग कुन हदसम्म तल झर्न सक्नेरहेछ भन्ने यी त उदाहरणमात्र हुन् ।

विकासको खुबै डिङ हाँक्छौं हामीहरू । जम्माजम्मी ३० महिनामा निर्माण सम्पन्न गरेर उत्पादन सुरु गर्ने भनी २०५९ सालमा ४५ मेगावाटको मेलम्चीमा उत्पादन गृह डिजाइन भएको इन्द्रावती जलविद्युत आयोजना सुरु गरियो । ९० करोड खर्च हुने यो योजनाको ठेक्का चाइनिज पिङ ज्याङ कम्पनीलाई दिइयो र केही महिनाभित्रै ६४ करोड खर्च गरियो । यो योजनामा वाणिज्य वैंक, नेपाल वैंकहरूको समेत लगानी छ । त्यसपछि सुतेको यो योजना आज २०७० साल वैशाख अर्थात ११ वर्ष हुँदासमेत उठ्न सकेको छैन ।

किन ? कसको कमजोरीले ? विद्युत विकास बिभाग अथवा नेपालका जलविद्युत आयोजनाका ज्ञाताहरू कोही पनि बोल्दैनन् । २०११ मै मेलम्चीको (लार्केसहित) खोलालाई सुन्दरीजलमा झारेर राजधानीमा छेलोखेलो पानी वितरण गर्ने मेलम्ची खानेपानी आयोजना पँरा हुन २०१६ सम्म कुर्नु पर्ने भएको छ । त्यसमा पनि चाइनिज ठेकेदारले सुरुङ खन्ने काम छोडिसकेको छ, नयाँ ठेकेदार नियुक्त हुनसकेको छैन । हाम्रो विकासको अधोगतिको एक झलक मात्र हो यो ।

निर्वाचन र निकासका कुरा गर्दा २०६४ साल चैत २८ गते संविधानसभाको निर्वाचन सम्पन्न भयो । २ वर्षको आयु लिएर जन्मेको संविधानसभा ४ वर्ष बाँचेर २०६९ साल जेठ १४ गते दिवंगत भयो । शीर्ष दलहरू र ६०१ सभासदहरू मौन मलामी त गए, कसैले राम राम सम्म पनि भनेनन् । फेरि संविधानसभाको निर्वाचन गर्नुपर्छ भन्ने राजनीतिक सहमति बन्यो र असारमा गर्ने भनिए पनि कात्तिक–मंसिरमा निर्वाचन गर्ने भनेर प्रधानन्यायाधीशको नेतृत्वमा मन्त्रिपरिषद गठन गरिएको छ । तर, बिबाद उही छ– कुन पद्धतिमा जाने, कस्तो संघीयता, राज्यपुनर्संरचना कसरी गर्ने ? सभासद् ६०१ नै हुनुपर्छ, थ्रेस होल्ड राख्न पाइन्न, निर्वाचन क्षेत्र पुनःनिर्धारण हुनुपर्छ आदि आदि । भावी नेपालको नीति, चित्र यस्तो हुन्छ भनेर कुनै दलले सार्वजनिक गरेका छैनन् । सबै भन्छन्– निर्वाचन हुनैपर्छ । नेकपा–माओवादीसहितका ३३ दल आफैले भनेजस्तो नभए युद्धमोर्चा खोल्ने धम्की दिइरहेकै छन् । कसरी हुन्छ निर्वाचन ? यसैवीच अर्काको पार्टी तोड्ने, फोड्ने, एकापसमा खुट्टा तान्ने प्रवृत्ति नराम्ररी बढेको छ । यस्ता निकृष्ट कार्यमा एमाओवादी अग्रपंक्तिमा देखिन्छ । भिडन्त र भयावह स्थिति सिर्जना गर्ने काम भइरहेको छ । सबै नेताहरू भन्छन्– सहमति नभए निर्वाचन हुन्न, निर्वाचन भइहाले फेरि पनि संविधान बन्दैन । यथार्थ भन्ने, बुझ्ने नेताहरू किन सहमतिको, सहकार्यको वातावरण बनाउन सक्दैनन्, यो बुझ्न नसकिने विषय बनेको छ । यो अवस्थामा पनि हरेक पार्टीभित्रका होनहार युवाहरू अगाडि सर्न सकेका छैनन् । सबैभन्दा खेदको विषय यही हो । युवाहरू अघि सरेका भए देशले काँचुली फेर्ने भयो भन्न सकिन्थ्यो । बुढाहरू राजनीतिलाई बुढो साँढेले गाई ओगटेजस्तो गरेर समय खेर फालिरहेका छन् । जनयुद्ध र जनआन्दोलनमा देखिएको युवा उबाल सेलाइसकेछ कि के हो ?

चार दलले मुलुकलाई बन्दी बनाएका छन् । भर्खरमात्र सुशील कोइरालाको अनुरोधमा प्रचण्डले मन नलागी नलागी सिण्डिकेटमा बैद्य, उपेन्द्र र शरद सिंह भण्डारीलाई पनि समावेश गर्ने तैयारी सुरु गरेका छन् । यता जयप्रकाश गुप्ता आठ माँग लिएर पँरा नभए निर्वाचन बहिष्कार गरिन्छ भनेर बाउँठिन पुगेका छन् । अर्थात् आवश्यकता गोलमेच सम्मेलनकै छ । यो विषयमा सुशील कोइरालाले मंगलवार स्पष्ट पारे– गोलमेच असम्भव छ, सबै दल बसेर छलफल गर्न सकिन्छ । बल्ल सुशील कोइराला समस्याको चँरो समाप्त सफल भएका छन् । राजनीतिक नेताहरू एउटै थलोमा बसेर निर्वाचनको वातावरण बनाउने कुरामा सहमत भए भने निर्वाचनमात्र सम्भव हुनेछैन, संविधान बन्छ भन्ने आशा पनि पलाउनेछ । यथार्थमा संक्रमणबाट मुक्ति र संस्थागत लोकतन्त्रको प्रस्थान बिन्दँ नै यही हो । सुशील कोइरालाले खिलराज रेग्मीलाई प्रधानन्यायाधीश पदबाट राजीनामा गराउने र संयन्त्र बिघटन गर्नुपर्छ भन्ने कुरा पनि अघि सारेका छन् । यति भयो भने असन्तुष्ट ३३ दलप्रति गरिएको निषेधको सोचको खण्डन हुनजानेछ र सबैले चाहेको स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनका अन्य ससाना अल्झोहरू छायाँमा पर्न जानेछन् । मर्णान्त अवस्थामा पुगेको नेपाली अराजक राजनीतिलाई यो मृतसञ्जिवनी बुटी प्रयोग गर्न गराउन सुशील कोइराला सफल भए भने मुलुकका प्रति ठँलो गुन लाग्नेछ । र, आफँप्रति जनआकर्षण सिर्जना गर्न माहिर प्रचण्ड एण्ड महराले सिर्जना गर्न खोजेको पूर्वराजतन्त्रलाई लाञ्छित गर्ने साजिस पनि पानीको फोका जसरी फुट्नेछ । यसकारण आशापूर्ण प्रश्न उठेको छ– के नेपाली कांग्रेसले आफ्नो गौरवपूर्ण इतिहासको धरातलमा उभिने प्रयास थालेकै हो त ? यदि कांग्रेस, एमाले सुध्रिएको हो भने नेपालमा राजावाद फेरि नेपाली जीवनको अभिन्न अङ्ग बन्न पुग्नेछ ।

# Human Rights Voilations in IHK

*Dr. Raja Muhammad Khan*

According to a recent report on Human Rights violations in Indian Occupied Kashmir by Indian Army and its paramilitary forces, there have been deaths of 93,274 innocent Kashmiri from 1989 to June 30, 2010. Besides this alarming figure of open killings by its security forces, there have been 6,969 custodial killings, 117,345 arrests, destruction, and razing of 105,861 houses and other physical structures in the use of the community as a whole. The brutal security forces have orphaned over 107, 351 children, widowed 22,728 women and gang raped 9,920 women. In June 2010 only, there have been 33 deaths including four children besides, torturing and injuring 572 people. The brutal Indian security forces molested eight women during this one month. This brief account indeed, is the reality of Indian achievements on which they are trumpeting for their success in the Kashmir through counter insurgency operations.

It seems that non-condemnation of these Indian acts of massive human rights violations, by the so-called civilized international community has further encouraged India to step-up its brutalities on the armless Kashmiri masses. Indian authorities are not willing to talk with Kashmiri people on political grounds. India perhaps reached to a conclusion that only bullet is the right way of dealing with Kashmiris, demanding their right of self-determination. Surprisingly, Indian successive governments are trying to ignore the dynamics of the Kashmiris movement for the freedom from the Indian rule. This indeed is the continuation of their resistance against the Dogra Rule, started in early part of the 20th century. On July 13, 1931, the Dogra authorities ordered firing on a group of peaceful Kashmiri Protestants in Jammu, resultant killing of dozens of innocent Kashmiris. Thereafter, there has been no letup in the oppression of the Dogra rule until its end in October 1947. The end of the Dogrea rule was marked by the beginning of the Hindu rule, another repressive rule on the Kashmiris, which is continuing. People of Kashmir feels that, “The martyrs who sacrificed their precious lives for Kashmir cause teach us all not to bow before the forces even if one has to sacrifice his life.” India misperceived that the temporary halt in the armed struggle of Kashmiris after 2002, is because of its counter-insurgency operation. Indeed, from 2003 onwards, there appeared a change in the Indian attitude, and it was thought that, as Pakistan, India is also sincere in the resolution of Kashmir dispute. In January 2004, during the historic 12th SAARC Summit, both countries pledged that, Kashmir issue would be resolved through an option acceptable to all three parties; the Kashmiri, Pakistan and India. T that time, many options were debated to reach on a consensus solution. Unfortunately, India’s stubborn attitude and its misperception that Kashmiris are no more presenting a resistance, as if they have reconciled with the Indian rule has led her not to make further progress on the issue. In the meanwhile, through various compensatory measures, India tried to redress the Kashmiri grievances. However, there has been no policy change in the repressive activities of Indian security forces. Indian security forces continued human rights violations in Kashmir unabated.

Seeing no progress for the resolution of Kashmir issue, in 2008, Kashmiri once again renewed their peaceful protests. This time forceful grabbing of their land by the Indian authorities became the raison d’être for the protests. Through a deliberate attempt, Indian Government allotted 800 kanal of Kashmiri land to a Hindu shrine. The tactics was that, through a gradual process, a demographic change would be effected in the Vale of Kashmir, the way it was done in the Jammu, following the Indian rule there, from October 1947 onwards. It is worth mentioning that Muslim population constituted 62 percent of the Jammu province according to the last census held in the united Kashmir in 1941. Now it is in thirties. The Valley has over 95 % Muslim population; therefore, India is all out to reduce this by inhabiting Hindu population, through land allotments. To curb their uprisings, this time Indian state machinery decided to economically strangulate the Valley people. Making use of the security forces and Hindu extremists of Jammu, India blocked all the entrants and exist routes of the Kashmir Valley. The economic blockade was so ruthless that there took place severe shortage of the foodstuff in the Valley. The Protestants were fired upon, resultant killing of hundreds of the innocent masses including the prominent leaders like Sheikh Abdul Aziz on 11 August 2008, once he was leading a peaceful march towards Muzaffarabad, demanding an end to economic blockade by Indian Army.

With the passage of time, Kashmiris have realized that it is only a delaying tactics being used by the Indian Government; otherwise, there is neither the will nor the desire of resolving the issue by India. So much so, after the Mumbai terror attack, India is emphasizing Pakistan to resolve other issues less Kashmir. The process of Indo-Pak Composite Dialogue is no more the agenda. Rather, India stresses on a new beginning, mostly revolving around the cross border terrorism and the trade issues. India desires to do away with the tangible developments made during 2004 to 2007, on the core issue on Kashmir, Siachin and Sir Creek. Linked with the Kashmir is the water issue between the India and Pakistan. Through the construction of a number of dams and water storages and diversions, India has reduced the water flow for Pakistan to almost 50 percent from the rivers whose water is exclusively dedicated for the Pakistan.

There is a big question mark on the role of the United Nations Organization (UNO), the only International Organization, mandated to redress the oppressed people of the world. The organization has badly failed to implement its responsibilities and its own resolutions towards a rightful solution of the issue. Besides, the major powers had a role to play for the maintenance of peace and a balance in the world, but owing to a number of factors; they also failed to undertake their moral responsibilities from the platform of UNO. Through new strategic alliances, India has become a partner of the major powers like; United States, European Union, and Russia. These major military and economic powers have their stakes in India, a country having 1.3 billion populations. Within these major interests, the voice of the Kashmiri’s right of self-determination has lost its pitch as well as the echo. There is a need of awakening the international conscious. Closing of the eyes and ears by the international community on the massive human rights violations in Kashmir by Indian security forces would not end the issue. Rather the seething protest against Indian human rights violation would endanger the world peace to an extent that may be unimaginable now, as India and Pakistan are nuclear-armed countries.

Therefore, the UNO, US, Russian Federation, European Union and China must pressurize India to immediately end the human rights violations in Kashmir, pullout its security forces and resolve the issue as per the wished of Kashmiri subjects in the light of UN resolutions. This would bring peace and stability in the region as well at the global level. After all, global peace must be dear to the major powers too.

---

# विकृत बन्दै स्ववियु चुनाव

*पुष्कलराज पन्त*

स्ववियु चुनाव : कस्तो चुनाव हो यो ? मातृ पार्टी र भातृ संगठनको चुनावको रन्को, बुझ्न नसकिने भएको छ ।

आजभोलि सुन्दैछौं, देख्दैछौ, सबै सरकारी क्याम्पसहरूमा स्ववियु चुनावको तापक्रम बढ्दै गएको छ । देशको भविष्यको रूपमा रहेका युवा विद्यार्थीहरूलाई चुनाव लाग्नु र चुनावका प्रति उनीहरूको रूझान र आकर्षण देख्दा लाग्छ नेपालको प्रजातान्त्रिक भविष्य उज्ज्वल छ । चुनाव जित्नका लागि प्रतिस्पर्धा हुनु स्वभाविक हो । तर मातृ दलका यी भातृ संगठन विद्यार्थीको चालाले प्रत्येक स्वाभाविमानी विद्यार्थी र आम समुदायका वीच लज्जाबोध हुनथालेको छ । जो विद्यार्थी नै होइनन्, तिनलाई विद्यार्थी भनेर आधारातमा भर्ना गर्ने, फर्जी मतदाता तयार गर्ने, चुनावका लागि चन्दाको आतंक नै मच्चाउने जुन कार्य विद्यार्थी संगठनहरूले गरिरहेका छन्, यसबाट अनुमान गर्न सकिन्छ कि आगामी संविधानसभाको दोस्रो चुनावमा रक्तपात नै हुनेछ । स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन हुनेछैन । नक्कली विद्यार्थी भर्ना भएको र मतदाता सूचीमा नाम लेखाएर नेपालको गणतन्त्र अव जालभ्हेलतन्त्रमा परिणत भयो भन्न सकिने स्थिति देखिएको छ । मातृ पार्टी अर्थात ठूला दलहरूले युवाहरूलाई यसरी नैतिक, आदर्श र मूल्यमान्यता सिकाउनुको बदला अनैतिक हुन सिकाएपछि नेपालको भविष्य कस्तो हुनजाला ? नेपालमा लोकतान्त्रिक गणतन्त्रको आवरणमा बाहुबलीतन्त्र पो संस्थागत हुनथालेछ । भोलि गएर आजका विद्यार्थी नेताहरू नै राष्ट्रिय नेता बन्ने हुन् । चुनावमा धाँधली गर्नुपर्छ भन्ने स्कूलिङ र अभ्यास गरेका यी नेताहरूले भोलिको नेपालको राजनीतिलाई झिँझामय पार्ने निश्चित छ । भविष्य अन्धकार छ भन्दा फरक पर्दैन ।

तानाशाही, निरङ्कूशतन्त्र, फासीवादी राजनीतिको जग हाल्न थालिएको संकेत हो विद्यार्थी निर्वाचन । अखिल क्रान्तिकारी, अखिल र नेविसंघले जसरी पनि निर्वाचन जित्नुपर्छ भन्ने मान्यता राखेर जसरी राजनीतिका सबै नियम उल्लंघन गरेका छन्, त्यसबाट उनीहरूमा शक्ति, सम्पत्ति र सत्ताको भूत नराम्ररी चढेको रहेछ भन्न धक मान्नुपर्दैन । पहिले पहिले पनि विद्यार्थी निर्वाचनका बेलामा तापक्रम बढ्थ्यो, धाँधलीका आरोप प्रत्यारोप हुनेगर्थ्यो । तर यसरी रातको १२ बजे नक्कली विद्यार्थी भर्ना गरेर मतदाता सूची तैयार गरिन्नथ्यो । यसपटक विद्यार्थी संगठनहरूले नक्कली विद्यार्थी भर्ना गरेको कबूल गरेर तीन छक्क पारिदिएका छन् । विद्यार्थी राजनीति र तिनका मातृ पार्टीमाथिसमेत कालो दाग लाग्न पुगेको छ । विद्यार्थी राजनीतिमाथि गम्भीर प्रश्न उठ्न पुगेको छ ।

विद्यार्थी निर्वाचनमा विद्यार्थीका एजेन्डा अघि सार्नुपर्ने हो । स्वच्छता र निष्पक्षताको ग्यारेन्टी हुनुपर्ने हो । जसरी पनि चुनाव जित्नुपर्छ भन्ने मानसिकताबाट विद्यार्थी नेतृत्व ग्रस्त हुनु भनेको राष्ट्रिय राजनीति गन्दकीपूर्ण छ भन्ने प्रमाण बनेको छ ।

शिक्षानीतिबारे, बेरोजगारी बढाउने शिक्षाबारे, शिक्षामा हुने गरेको भ्रष्टाचार र विद्यार्थीको हक, हित र अधिकारका बारे विद्यार्थी नेतृत्वले कुरै उठाएका छैनन् । विद्यार्थी निर्वाचन पनि पैसा कमाउने धन्दाबाट ग्रसित हुनु भनेको शिक्षानीति असफल भएको हो भन्न सकिन्छ ।

# कहाँ राजा भोज, कहाँ गंगु तेली

*अनिल योगी*

निमुखा जनतालाई नयाँ जनवादी ब्यवस्था स्थापना गर्ने सपना बाँड्दै आफु दिल्लीमा बसेर देशभित्र एक दशकसम्म मानव बधशाला चलाउने पुष्पकमल दाहालले आफुलाई पृथ्वीनारायण शाहसँग जोड्न अलिकति पनि लाज मानेनन् । आफ्ना कुकर्मको हेक्का तानाशाहले राख्न सक्दैन भन्ने पढेको थिएँ, दाहालले बोलेको सुन्दा त्यो भनाई प्रमाणित भएको छ । देश भित्र यतिबेला दाहालको सवारी चलाइन्छ । जनताको धन र ज्यानको सुरक्षा गर्न जनताको करवाट पालिएका सुरक्षाकर्मीहरू दाहाल हिंड्दा रानोका पछाडि मौरी दौडेसरी दौडिन्छन् । तिनले नेपाली जनतालाई कुन हदको धोखा दिए र राष्ट्रलाई कुन रसातलमा पुऱ्याए भन्ने बिषयमा जागरूक पुस्ताले भोलि समिक्षा गर्नसक्छ । दासहरूले अपराधि मुकरर गरेको ईतिहास आजसम्म अध्यन गर्न पाइएको छैन ।

जसले बिदेशीको आडमा देशको मर्ममा प्रहार गर्छ, देशको आत्मामा गम्भीर चोट पुऱ्याउन उद्धत हुन्छ त्यो नालायक पात्र पृथ्वीनारायण शाह जस्ता देशभक्त सँग आफुलाई जोड्छ र जगत हसाउँछ । जसले नेपालीलाई जात, भाषा, धर्म र बर्णका आधारमा बिभाजित गर्छ, देशलाई चिराचिरा पार्न खोज्छ त्यस्तो धुन्धुकारीले 'आफ्नो कूलधर्म र राष्ट्रिय धर्म नछाड्नु, यो मुलुक मेरा साना दुखले आर्ज्याको होइन सबैलाई चेतना भया, भन्ने महावाणीका नायकसँग जोड्न खोज्नु कतिसम्म हास्यास्पद छ, शब्दमा व्यक्त गर्न कठिन हुन्छ । राष्ट्रलाई घाइते बनाएर,जनताको जीवन बर्वाद गरेर आरामसँग बाँच्न सक्ने मुर्खहरूलाई आफ्नो रगत पसिनावाट संचित राज्यको सम्पतिवाट पाल्छ यो देशको नालायक दुनियाँ । राजनीतिक, समाजिक,आर्थिक सबैक्षेत्रमा आत्नो निहीत स्वर्थपुतिर्का लागि भित्र्याउने नसकिने बिकृतिको बालि लगाउँने दाहाललाई पृथ्वीनारायण शाहको अर्को रूप देख्नेहरूले छाति फुलाउनु भन्दा पहिला हेक्का राखुन्- अवको हाम्रो राजनीतिक गन्तब्य सहज छैन ।

यो राष्ट्रको अवस्था अत्यन्त दयनीय, अस्थिर र कमजोर भएको मात्र होइन राष्ट्रको असमितामाथि सुनियोजित रूपमा प्रहार भैरहेको अवस्थामा दाहालले आफुलाई राष्ट्र निर्मातासँग दाँज्नु मुर्खता मात्र हो । नेपाल रहेकोमा र नेपाली भएर बाँच्न पाएकोमा गौरव गर्ने कुनै पनि नेपालीले दाहाललाई सच्चा देशभक्त र परिवर्तनका पक्षपाति मान्न सक्दैन । एकातिर भारतलाई निल्दै गरेको अंग्रेज शक्ति र अर्कोतिर बिशाल चिनियाँ बादशाहको शक्तिको बीचबाट नेपाल एकीकरण गर्ने कठिन कार्यको सम्पादन गर्ने पृथ्वीनारायण शाहलाई साम्राज्यवादी भनेर आफ्ना कार्यकर्ताका हातवाट उनका शालिक भत्काउन हुँदैन भन्न लाज मान्ने पाखण्डी पृथ्वीनारायणसँग कसरी दाजिन सक्छ ? पराधीनता नस्वीकार्ने पृथ्वीनारायण शाहसँग बिदेशीको योजना मुताविक देशमा भाँजो हाल्ने स्वाँठ मूर्खहरूले जोडिन लाज मान्नु पर्दैन ?

**एकातिर भारतलाई निल्दै गरेको अंग्रेज शक्ति र अर्कोतिर बिशाल चिनियाँ बादशाहको शक्तिको बीचबाट नेपाल एकीकरण गर्ने कठिन कार्यको सम्पादन गर्ने पृथ्वीनारायण शाहलाई साम्राज्यवादी भनेर आफ्ना कार्यकर्ताका हातवाट उनका शालिक भत्काउन हुँदैन भन्न लाज मान्ने पाखण्डी पृथ्वीनारायणसँग कसरी दाजिन सक्छ ?**

नेपाल राष्ट्र भनेको सबै जातको फुलवारी, सबैको हक र हैसियत बराबरी भन्ने ति महान देश निर्माता पृथ्वीनारायण शाहसँग नेपाली जनतालाई आपसमै जुधाएर मराउने यो युगकै बदनाम मानिस कसरी दाजिन सक्छन् ? सीप र प्रविधि जनतालाई सिकाउ र दक्ष नागरिक बनाऊ तिनिहरूले मात्र देशको बिकास र रक्षा गर्न सक्छन् भन्ने पृथ्वीनारायण शाहसँग बेरोजगार युवाहरूका हातमा बन्दुक भिराएर आपसमै लडेरमर्न सिकाउने दाहाल कसरी तुलनायोग्य हुन्छन् अनि यो युग परिवर्तनका सम्वाहक कसरी हुन सक्छन् ?

विश्व शान्तिका लागि अनाक्रमणको परराष्ट्रनीति बनाउनु पर्छ भन्ने पृथ्वीनारायण शाहसँग बिदेशीहरूसँग सुरूङग युद्ध लड्ने गफ गर्ने र कार्यकर्ताहरूलाई कुटनीतिक नियोगका प्रतिनिधिहरूलाई जुत्ता हान्न लगाउने दाहाललाई एकै ठाउँमा राखेर कुन मुर्खले सम्मान गर्न सक्छ ? राजनीतिमा नेतृत्व असल हुनुपर्छ र सहिदका परिवारलाई बिर्सनु हुँदैन । योग्य र ईमान्दारको उचित कदर र मुल्याङ्कन हुनुपर्दछ । 'थिति बाँध्नु र बिधिले शासन चलाउनु । राजश्व संकलन गर तर हिनामिना नगर र अरूलाई पनि गर्न नदेऊ । स्वधर्मको पालना गर संचारको विकास गर । अन्यायरहित समाज व्यवस्था सुनिश्चित गर । घुस र भ्रष्टाचारमाथि चोटिलो प्रहार गर' भन्ने पृथ्वीनारायण शाहसँग दाहाल कुन सत्कर्मले दाजिन खोज्दैछन् ? ति महान देश निर्मातासँग दाहाल दाँजिन खोज्नु आफैंमा मुर्खता सिवाय अरू केही होइन ।

पृथ्वीनारायण शाहले भनेका छन्, 'शोषण गर्ने विदेशीलाई देशभित्र आउन प्रतिबन्द गर । राज्यको शक्ति भनेको नै जनता हुन त्यो शक्तिलाई राष्ट्रको विकाशमा लगाऊ । कृषि उत्पादन बढाऊ, खानी खाजी अभियान चलाऊ । जनमतको कदर गर, प्रजातन्त्रमा विश्वास गर । देश र जनताको सुरक्षा बन्दोबस्तलाई उच्च प्राथमिकता देऊ । राष्ट्रिय सुरक्षा र राष्ट्रको परिचयका लागि आफ्नो संस्कृतिको रक्षा गर ।' कहाँनिर मिल्छ पृथ्वीनारायण शाहसँग दाहालको विचार ? जनताको साथ लिएर उपनिवेशवादीलाई देशभित्र बस्न दिनु हुँदैन भन्ने पृथ्वीनारायण शाह र बिदेशीको आड्मा जनताको ढाड भाच्ने दाहाल कसरी एकै नासका नेता हुन् भनेर मान्न सकिन्छ । पृथ्वीनारायण शाह त्यो युँगका महान राजनीतिक व्यक्ति थिए पुष्पकमल दाहाल यो युगका खराव पात्र हुन् । तिनले आफै पनि बिचार गर्न पर्ने हो मेरो कर्म र योग्यता उनीसँग दाज्नु हुँदैन भनेर । तिनलाई चेतना भया ।

**yogianil20@yahoo.com**

# आणविक ऊर्जा पार्कमा जोखिम

*रन्जित देवराज*

नयाँदिल्ली । गुजरात राज्यको पश्चिमी तटीय जिल्ला भवनगरको मिठी भिर्दी गाउँका भागवत सिंह गोहिल आफ्नो हराभरा पुष्प उद्यानको भविष्यप्रति आजभोलि निकै चिन्तित छन् । "सुख्खा, कठोर समुद्र र भूकम्पबाट जसोतसो जोगाएको उनको पुष्प उद्यान अब आणविक ऊर्जा पार्कका कारण मानव-निर्मित विपद्को खतरामा परेको छ ।"

मिठी भिर्दी गाउँबाट टेलिफोनमा आईपीएससँग कुरा गर्दै गोहिलले गुजरात आणविक ऊर्जा पार्क ( जीएनपीपी) को सुरक्षा प्रत्याभूति गर्ने सरकारी घोषणाप्रति आफू र स्थानीय गाउँवासीहरूमा विश्वास नरहेको बताए । यो परियोजना निर्माणको कार्य सम्पन्न भएपछि यहाँबाट ६,००० मेगावाट विद्युत् उत्पादन हुनेछ । "उनीहरूले ठूला आणविक ऊर्जा प्लान्ट निर्माणका लागि योभन्दा निकै खराब ठाउँहरु छनौट गर्न सक्थे - यहाँ लगातार ठूल्ठूला भूकम्प गएको इतिहास छ र जापानको फुकुसीमाको जस्तै खम्बाटमा सामुद्रिक विपद्को खतरा यहाँ छ । यही ठाउँमा जीएनपीपी आउनु दुःखद हो," गोहिलले बताए । "यसका साथै, गुजरातको पश्चिम तटीय क्षेत्रमा शत्रुतापूर्ण व्यवहार गर्ने पाकिस्तान छिमेकी छ । भविष्यमा हुन सक्ने युद्धमा यो आणविक केन्द्रमा बम हमला भयो भने के हुन्छ ?"

मार्च ५ का दिन गोहिल र झण्डै ५,००० स्थानीय गाउँलेले स्थानीय प्रशासनले आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रम मौनरूपमा बहिस्कार गरी हिंडे । यो कार्यक्रमको आयोजना जीएनपीपीको निर्माणका लागि स्वीकृति जनाइदिन आयोजना गरिएको थियो । यहाँ वेस्टिङहाउस-तोसिबा कम्पनीका १,००० मेगावाट क्षमताका छवटा आणविक भट्टी राख्ने कार्यक्रम छ । "हामी त्यो गैरकानुनी सार्वजनिक सुनुवाइको पक्ष हुन चाहेनौं जसले वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) को प्रतिवेदनलाई अनुमोदन गर्ने प्रयत्न गरिरहेको थियो । यो प्रतिवेदनमा धेरैवटा कमजोरी छन् र सुरक्षा पक्षलाई पूर्णत बेवास्ता गरिएको छ जसलाई हामी चाँडै समानान्तर प्रतिवेदनका रूपमा प्रकाशन गर्ने तयारीमा जुटेका छौं," गुजरातमा सक्रिय स्वयमसेवी संस्था पर्यावरण सुरक्षा समितिका नेता रोहित प्रजापतिले बताए । "सर्वप्रथम, यो इआइए सार्वजनिक क्षेत्रको परामर्शदाता कम्पनी इन्जिनियर्स इन्डिया लिमिटेड (इआइएल) ले तयार पारेको हो जसले आवश्यक मान्यता नै प्राप्त गरेको छैन र यो तथ्य सरकारकै वेबसाइटबाट छर्लङ्ग हुन्छ," प्रजापतिले बताए । "गाउँलेहरूलाई धोखा दिने प्रयत्न गरिएको थियो, तर उनीहरूले यसलाई स्वीकार गरेनन् ।"

कम्पनीलाई दिइएको कार्यादेश अनुसार इआइएलले विस्तृत जोखिम मूल्याङ्कन गरी विपद् व्यवस्थापन योजना प्रस्तुत गर्नुपर्ने थियो, तर अन्तिम दस्तावेजले त्यो जिम्मेवारी पूरा गरेको छैन । "हामीले यो दोषपूर्ण इआइएका बारेमा वातावरण मन्त्रालयमा लिखित विरोध जनाइसकेका छौं," प्रजापतिले भने । स्वतन्त्र अनुसन्धाता तथा ब्रसेल्सस्थित विकिरण जोखिमसम्बन्धी युरोपेली आयोगका सदस्य भी.टी. पद्मनाभनका अनुसार आणविक पार्क बनाउने हतारमा वातावरणीय जोखिमजस्ता आधारभूत सुरक्षा पक्षलाई इआइएमा बेवास्ता गरिएको छ । "उदाहरणका लागि, मिठी भिर्दी परियोजनाका निम्ति तयार पारिएको इआइएले उच्चतम बाढीको स्तरका सम्बन्धमा कुनै अध्ययन गरेको छैन जबकी यो क्षेत्र तटीय बाढीका कारण निकै जोखिमयुक्त ठाउँ हो," पद्मनाभनले आईपीएसलाई बताए ।

मार्च ६ मा नयाँ आणविक पार्कका सम्बन्धमा संसदमा सोधिएका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री कार्यालयका मन्त्री भी. नारायणस्वामीले तटीय आणविक ऊर्जा पार्कको निर्माणका क्रममा सम्भाव्य भूकम्प, सुनामी, सामुद्रिक आँधी तथा बाढीजस्ता पक्षलाई विचार गरिएको बताए । "आणविक ऊर्जा प्लान्टको निर्माणमा सुरक्षा सर्वाधिक चासोको विषय हो र निर्माण कम्पनी तथा आणविक ऊर्जा नियामक बोर्ड ( एइआरबी) का अलावा अन्तर्राष्ट्रियरूपमा स्वीकृत मापदण्डलाई आधार बनाइएको छ," नारायणस्वामीले संसद् समक्ष स्पष्ट गरे । तर, यो हतारोका सम्बन्धमा गाउँवासी र अधिकारकर्मीहरु मात्र चिन्तित भएका छैनन्, केही हदसम्म अदालतले पनि प्रदर्शनकारीका आवाजलाई सुनेको छ । न्यूक्लियर पावर कर्पोरेसन अफ इन्डिया ( एनपीसीआइएल) ले तटीय क्षेत्रमा यो आणविक ऊर्जा परियोजना निर्माणको जिम्मेवारी पाएको छ, र ऊ निकै हतारमा छ ।

मार्च १२ मा दक्षिणी आन्ध्र प्रदेशको उच्च अदालतले एकजना अवकाशप्राप्त तटीय इन्जिनियर जे. रामरावले स्थानीयवासी र माझीहरूका तर्फबाट दायर गरेको निवेदनमाथि सुनुवाइ गर्दै तटीय श्रीकाकुलम जिल्लामा बनाउन लागिएको ९,००० मेगावाट क्षमताको आणविक पार्कको कार्य रोक्न आदेश दिएको थियो । उच्च अदालतले एइआरबीबाट मञ्जुरी समेत नलिइ ६,००० मेगावाट क्षमताको आणविक प्लान्ट राख्न सरकारले किसानको जमिन अधिग्रहण गर्ने प्रयत्न गरिएको कुरालाई ध्यानमा राखी यो फैसला गरेको थियो । कोभाडाका स्थानीय बासिन्दा डिसेम्बर २०१२ देखि नै प्रस्तावित आणविक ऊर्जा प्लान्टको विरोधमा रिले अनसनमा रहेका छन् । उनीहरूको एउटै भनाइ छ, चेर्नोबिल र फुकुसिमाजस्ता आणविक दुर्घटना भए त्यसबाट हुने विकिरणको प्रदूषणले भावी मानव पुस्तामा गम्भीर असर पार्नेछ । तर, प्रदर्शन र अदालतको हस्तक्षेपका बाबजूद सरकार सन् २०२० सम्ममा ४० गिगावाट आणविक ऊर्जा उत्पादन गर्ने योजनामा अडिग रहेको छ । यी अधिकांश परियोजनाहरु भारतको तटीय क्षेत्रमा रहेका र निर्माणका विभिन्न चरणमा छन् ।

संसदमा नारायणस्वामीले अप्रिलसम्ममा दक्षिणी तामिलनाडुको कुडानकुलाम आणविक ऊर्जा परियोजना (केएनपीपी) बाट विद्युत् उत्पादन सुरू हुने जानकारी पनि दिए । ९,२०० मेगावाट विद्युत् उत्पादन गर्ने क्षमता रहेको केएनपीपी भारत र रूसबीच सम्झौता भई सन् १९८८ देखि निर्माण सुरु गरिएको थियो । केएनपीपीले पनि तटीय नियमन क्षेत्र (सीआरजेड) बाट औपचारिक सफाइ लिन बाँकी नै छ । गत नोभेम्बरमा एनपीसीआइएलले सर्वोच्च अदालतमा स्वीकार गरेको थियो कि अनिवार्य पर्यावरणीय स्वीकृति बेगर नै पानीबाट नून हटाउने (डिसालिनेसन) प्लान्ट निर्माण गरिएको छ । यसले विद्यमान नियमलाई कसरी बेवास्ता गरिएको छ भन्ने देखाउँछ । "सिआरजेड स्वीकृति कुनै प्राविधिक औपचारिकता मात्र नभइ भारतको संवेदनशील तटीय क्षेत्रको सुरक्षाका निम्ति डिजाइन गरिएको महत्वपूर्ण कार्यव्यवस्था हो," पद्मनाभनले बताए । तटीय आणविक ऊर्जा प्लान्टको निर्माणमा गरिएको हतारो र भारतीय लालफिताशाही कर्मचारीतन्त्रको स्वीकृतिबीच निकै फरक देखिन्छ । "हामीले देखिरहेको कुरा भनेकै फुकुसिमा अनुभवको पुनरावृत्ति हो जहाँ संसदीय छानबिनबाट यो केन्द्र बन्द हुनुमा मानवीय कमजोरी नै मुख्य जिम्मेवार छ ।

*(आई.पी.एस्./एन्.पी.आई.)*

# राजसंस्था पुन:स्थापनाको चरणवद्ध योजना छ



कमल थापा
अध्यक्ष, राप्रपा नेपाल

***मुलुकमा राजतन्त्रको अन्त्य भएर गणँतन्त्र स्थापना भएको पाँच वर्ष बितिसक्दा पनि एकोहोरो रुपमा राजतन्त्रकै वकालत गरिरहनुभएका राप्रपा नेपालका अध्यक्ष कमल थापासित हामीले सोध्यौं, के नेपालमा राजतन्त्र फर्किने सम्भावना छ ? तपाईहरुले कसरी राजतन्त्र फर्काउने योजना बनाउनुभएको छ ? पहिलेकै जस्तो राजतन्त्र स्थापना गर्ने कि नयाँ खालको ? ज्ञानेन्द्र, पारस वा कसलाई राजा बनाउने ? अनि, विगतमा तपाईहरु नै सत्तामा हुँदा पनि राजतन्त्र जोगाउन किन नसकेको ? काठमाडौंको धुम्बाराही स्थित नयाँ पार्टी कार्यालयमा बसेर थापाले दिनुभएको जवाफ चाँहि यस्तो छ :***

**० तपाईसँग डा. बाबुराम भट्टराईले राजा ज्ञानेन्दलाई प्रथम राष्ट्रपति बनाउने र शान्तिपूर्ण ढंगबाटै गणतन्त्र ल्याउने प्रस्ताव गर्नुभएको हो ?**

- माओवादी र राजाबीच सहकार्य गरेर अघि बढ्न हामी तयार छौं भन्ने कुरा उनीहरुले गरेको हो। तर, त्योबेला एक त राजाले मात्र चाहेर सबै कुरा हुने अवस्था थिएन। प्रमुख राजनीतिक दलहरु र माओवादीसँग औपचारिक रुपमा वार्ता गर्न जानुभन्दा पहिले तत्कालीन एमालेका महासचिव माधवकुमार नेपालसँग म र डा. प्रकाशचन्द्र लोहनी भेट्न भएको थियौं। सल्लाह माग्न गयौं र माधवजीले प्रष्टरुपमा भन्नुभयो कि ०४७ सालको संविधानभन्दा बाहिर गएर हामी कुनै पनि निकासलाई स्वीकार गदैनौं र संविधानसभा हामी स्वीकार गर्दैनौं। त्यसपछि म नेपाली कांग्रसको सभापति गिरिजाप्रसाद कोइरालालाई भेट्न गएँ।

उहाँले पनि आफ्नै भाषा र शैलीमा त्यही कुरा दोहो‍र्‍याउनु भयो कि कुनै हालतमा पनि ०४७ सालको संविधान ठूलो संघर्षबाट आएको, जनताको संविधान हो, २२२ पटकको चुनावबाट अनुमोदन भइसकेको छ, यो हामी गर्न सक्दैनौं। त्यसभित्रबाट सक्नुहुन्छ भने गर्नुस् भन्नुभो। त्यही कुरा हामीले राजालाई रिपोर्ट गरौं। बाबुराम जीको कुरा पनि रिपोर्ट गर्यौं। र त्यो क्रममा स्वभाविक हो कि राजाले प्रजातान्त्रिक शक्तिहरुलाई माइनस गरेर माओवादीसँग मात्र सहकार्य गरेर जान सक्ने अवस्था थिएन। त्यसकारण त्यो प्रक्रिया अघि बढ्न सकेन। उहाँहरुले त सिलसिलेवार रुपमा उदारता देखाउने हो भने पहिलो राष्ट्रपति बनाउने, हैन पहिलो राष्ट्रपतिको टाइटल नभई राजसंस्था नै चाहिन्छ भने राजाकै रुपमा पनि कुनै न कुनै रुपमा राख्न सकिन्छ। राजालाई दिने भत्ताबारे यत्रो चर्काचर्की भइराख्या छ, हामी त्यो चर्काचर्की पनि गर्दैनौं भन्ने कुरासमेत गर्नुभएको हो।

**० तपाईलाई कस्तो लाग्याथ्यो माओवादी प्रस्ताव ?**

- हैन, माओवादीसँग मात्र सहकार्य गरेर जान सक्ने अवस्था थिएन। अहिलेको जस्तो परिर्वतित प्रक्रियामा आइसकेको थिएन। उहाँहरुको त राजालाई सेरेमोनियल हेड बनाएर राज्यसत्तामा उहाँहरुले भने अनुसारको कब्जा गर्ने नै थियो।

**० के उहाँहरुले राजासँग मिलेर संसदवादी शक्तिलाई माइनस गर्ने भन्नु भएको थियो ?**

-उहाँहरुले भन्नुभएको के हो भने राजा र माओवादीको बीचमा एकता भएपछि पार्टीहरुले बाध्य भएर त्यसलाई मान्नुपर्ने स्थिति आउँछ। मान्दैनन् भने स्वत: अलगिन्छन् भन्ने उहाँहरुको धारणा थियो। बास्तवमा उहाँहरुले जुनखालको राज्यसत्ता स्थापना गर्न खोज्नुभएको थियो, मोनार्की आफैंमा आइडोलोजिकल स्वतन्त्र भएका हुनाले उहाँहरुको राज्य व्यवस्थामा पनि मोनार्की अट्न सक्छ। प्रचण्डले भन्नुभएकै थियो नि हामीले कम्बोडियाको शैली चाहेका थियौं। बाबुरामजीले सांस्कृतिक राजाको सम्भावनाको कुरा गर्नुभएकै हो। मोनार्की आफैंमा वैचारिकरुपमा स्वतन्त्र संस्था भएको हुनाले त्यो त कम्युनिज्ममा पनि अट्न सक्थ्यो, प्रजातन्त्रमा पनि अट्न सक्थ्यो। त्यसकारण खाली माओवादीलाई मात्रै लिएर जान सक्ने अवस्था राजाको थिएन र राजाको चाहना पनि थिएन।

**० गणतन्त्र आयो, यसलाई तत्कालीन राजा ज्ञानेन्द्रले स्वीकार गरिसक्दा पनि कमल थापाले हार स्वीकार नगरेको हो ?**

-म राजाका बारेमा आधिकारिक धारणा त राख्न सक्दिँन, यो मिल्दा पनि मिल्दैन। मसँग भेट हुँदा भन्ने कुराको हकमा नेपाली जनता जे चाहन्छन्, त्यसलाई स्वीकार गर्न म तयार छु। यो राष्ट्रप्रति मेरो पनि दायित्व छ र मेरो पनि कुनै भूमिका हुनुपर्छ भन्ने नेपाली जनतालाई लाग्छ भने त्यो भूमिका निर्वाह गर्न म तयार छु भन्ने भनाइ राजाबाट बारम्बार आएको छ। जहाँसम्म हाम्रो पार्टी राप्रपा नेपालको कुरा छ, यो राजाले तिमीहरु राजासहितको प्रजातन्त्रको एजेण्डा लिएर जाउ, पार्टी खोल भनेर सञ्चालन भएको होइन। राजसंस्था रहेकै बेलामा बहुदलीय प्रजातन्त्र पुन:स्थापनापछि बहुदलीय प्रजातन्त्र र संवैधानिक राजसंस्थालाई बैचारिक आधार स्तम्भका रुपमा स्वीकार गरेर खडा भएको हो। राजसंस्थासँगको हाम्रो सम्वन्ध भनेको सैद्धान्तिक मात्रै हो।

जसरी विगतमा कांग्रेस-एमालेको राजा र राजसंस्थासँग सम्वन्ध थियो, त्यही किसिमको सम्वन्ध हाम्रो पनि हो। उहाँहरुले त्यो सम्वन्धलाई विच्छेद गर्नु भो, हामीले निरन्तरता दिइराखेका छौं। र, हामीले परिर्वतन नगरेका कारण के हो भने परिर्वतन गर्नुपर्ने धरातलीय आधार हामीले देखेका छैनौं। हामी कन्भिन्स हुनुपर्यो नि। मैले कुनै विचार अवलम्बन गर्दा मैले पूर्णरुपमा त्यसलाई स्वीकार गर्नुपर्यो नि। मेरो चेतनाको विकास भएदेखि नै नेपालमा कुनै न कुनै प्रकारको राजसंस्था चाहिन्छ। प्रजातन्त्र पनि चाहिन्छ। राजा र प्रजातन्त्रको बीचको एकताले मात्र यो मुलुकलाई जोगाउन सक्छ भन्ने राजनीतिक चेतनामा हुर्किएको मान्छे म। त्यसलाई परिर्वतन गर्नुपर्ने कारण म अहिले पनि देख्दिँन।

**० तर, के नेपाली जनताको चाहनाले राजतन्त्र गएको हैन र ?**

जम्माजम्मी नेपाल राजसंस्थाबाट गणतन्त्रमा गयो, त्यसमा दुई वटाभन्दा अरु कारण म देखिदन। एउटा, माओवादीको त्रास। दोश्रो बाह्वय शक्तिको दबाव। यो दुई बटा कारणले मात्र मैले त्यसलाई स्वीकार गरेर जानुपर्ने आवश्यकता म देख्दिँन। फेरि राजनीतिक पार्टी र त्यसको नेता भएको कारणले गर्दा अरुले बोकेर हिँडेका एजेण्डाका आधारमा आएको परिर्वतनलाई मैले स्वीकार गर्ने होइन नि। मैले आफ्नो एजेण्डा अनुसार लिएर जान प्रयत्न गर्नु पर्यो नि। हैन भने भोलि माओवादीले एकदलीय सर्वसत्तावाद शासन लागू गर्यो भने मैले त्यो परिर्वतनलाई पनि स्वीकार गरेर जानु पर्यो। एउटा चुनावमा हार्दैमा आफ्नो एजेण्डा त समाप्त हुँदैन। त्यसकारण हामी निरन्तररुपमा अडेका हौं र यो ७/८ वर्षमा हामीले लिएको अडान ठीक रहेछ भन्ने प्रमाणित गरेको छ।

**० के कारणले यस्तो प्रमाणित भो र ? नेपालमा राजसंस्था चाहिन्छ भन्ने आधार के हो ?**

-अहिले जुन किसिमको बाहृय चलखेल र प्रभाव बढेर गयो। राजसंस्था भएको भए यो हदसम्म चलखेल गर्न सक्ने अवस्था नै रहँदैनथ्यो। अहिले त सरकार परिर्वतन मात्र हैन, यहाँका महत्वपूर्ण राजनीतिक निर्णयहरुमा समेत बाहृय शक्तिको हस्तक्षेप हुन थाल्यो। हुँदाहुँदा सवैधानिक अंगमा नियुक्तिमा पनि बाह्वय शक्तिको हस्तक्षेप देखिन थाल्यो। अब हाम्रा अगाडि प्रश्न के हो भने यो बाह्वय शक्तिको हस्तक्षेप हुने जुन प्रक्रिया छ, यसलाई निरन्तरता दिँदै संस्थागत गर्ने वा यो त अति भयो भनेर हामी त्यसको विकल्पमा जाने। मलाई लाग्छ, अहिले त प्रचण्ड, बाबुराम, माधव, सुशील कोइराला जस्ता नेताहरुले विचार गर्नुपर्ने बेला आएको छ कि हरेकपटक मन्त्री प्रधानमन्त्री हुन सधैं विदेशीको चाकडी गर्ने, खुसीपार्नु पर्ने अवस्थाबाट मुक्त हुने बेला आयो।

दोश्रो, नेपाल यसभन्दा बढी जातजाति भएको देश हो। त्यो जातजातिको एकता शुन्यमा कायम हुने होइन। त्यसका लागि केही निश्चित मूल्य मान्यता र संस्था चाहिन्छ। नेपालमा शदिऔं देशको अभ्यासबाट राजसंस्थाले यो एकताको प्रतीकका रुपमा काम गर्दै आएको थियो। त्यो प्रतीक ध्वस्त हुनेवित्तिकै यहाँ सामाजिक सद्भाव खल्बलियो, यहाँ जातीय सामप्रदायिकताको भावना तिब्ररुपमा बढेर गयो, जसका कारणले देश विखण्डनमा जानसक्ने हो कि भन्नेसम्मको खतरा अहिले आम मानिसमा परेको छ।

तेश्रो कुरा, हाम्रोजस्तो प्रजातन्त्र भर्खर बामे सर्ने अवस्थामा रहेको मुलुकमा जनता स्वयंम् सक्रिय भएर जनउत्तरदायी व्यवस्था कायम गर्न कठीन पर्दोरहेछ। किनकी जनता असंगठित छन्, चेतनाको स्तर एकदमै कम छ र लोभलालच, त्रास आदि कुनै न कुनै कुराले जनतालाई प्रभावित गराउन सक्ने अवस्था हुँदोरहेछ। यस्तो ठाउँमा जनताको सार्वभौम अधिकारलाई बल प्रदान गर्ने चुनावी राजनीतिभन्दा माथि उठेको र भोटको राजनीतिभन्दामाथि उठेको एउटा साझा संस्था आवश्यक पर्छ भन्ने कुरा देखिएको छ। अहिले जुन किसिमको विकृति देखापरेको छ, जुन किसिमको ब्रम्हलुट भएको छ, यसमा जनतासँग डराउनु परेन।

पैसा टन्न छ, संगठन छ, त्यसका आधारमा जनतालाई म्यानुपुलेट गर्न सकिन्छ र राजसंस्था छैन, राजासँग डराउन परेन। डराउनुपर्ने कुनै संस्था छैन। त्यो सबै आफैंले बनाउन सकिनेरहेछ। यो कारणले गर्दा पनि हिजोको भन्दा बढी राजासहितको प्रजातन्त्रको आवश्यकता महशुस भएको छ। हिजो यति छाडा ढंगबाट बाह्वय शक्तिको प्रभाव थिएन। हिजो अहिलेको जस्तो विखण्डनकारी ढंगबाट जातीय, सामप्रदायिक भावना बढेको थिएन र अहिलेको जस्तो अराजकता र ब्रम्हलुट थिएन।

**० तपाईलाई वैचारिक नेताका रुपमा लिने गरिएको छ। यद्यपि यहाँले लिनुभएको विचारसँग धेरैको असहमति पनि छ। तपाईले कल्पना गरेको राजसंस्था विगतको भन्दा फरक हुन्छ कि उस्तै ?**

-०७ सालभन्दा अगाडि इफेक्टिभ राजसंस्था नै थिएन। पृथ्वीनारायण शाहको कार्यकाल एकीकरणमै बित्यो भने उहाँको देहवसानदेखि २००७ सम्मको राजसंस्थालाई त्यो बेलाको भारदारी विकृति र विसंगतिले दुरुपयोग गरेको थियो। त्यसपछि राजा र जनप्रतिनिधिको बीचमा सहकार्य सुरु भएको हो। त्यसबीचमा ०१७ साल र ०५९ माघ १९ को घटनाका बारेमा धेरै ठूलो विवाद छ। तर, जे भए पनि ती दुई घटना राजाको प्रत्यक्ष संलग्नतामा भएका विवादका पक्षहरु हुन्। अब यो पृष्ठभूमिमा हामीले राजासहितको प्रजातन्त्रको कुरा गरिरहेका छौं।

हामी के मा प्रष्ट छौं भने शासन जनताले आफ्ना प्रतिनिधिहरुको माध्यमबाट गर्ने, संवैधानिक दायराभित्र रहेर गर्ने। राजसंस्था राष्टि्रयता र एकताको प्रतिकका रुपमा, संविधानको संरक्षक र अविभावकको रुपमा रहने। एक प्रकारको शेरमोनियल रुपमा रहने। अझ एककदम अघि बढेर म त के भन्छु भने अबको राजसंस्था विगतको जस्तो राजसंस्था हुँदैन। त्यो ०६३ सालभन्दा अगाडिको जस्तो हुँदैन। किनभने देशमा गणतन्त्र चाहनेहरुको पनि ठूलो जनमत छ। त्यो जनमतलाई पनि चित्तबुझ्ने सहमति र सम्झौताको राजसंस्था हुन्छ। त्यो क्रममा हाम्रो मान्यता के भने अबको राजसंस्था संसद अवथा जनताको प्रतिनिधिको नियन्त्रणमा रहने संवैधानिक राजसंस्था हुनुपर्छ। त्यो अवधारणा अनुसारको राजसंस्था हुनुपर्छ। साँच्चै भन्ने हो भने नागरिक राजाको रुपमा परिकल्पना गर्न सकिन्छ। शासन गर्ने हैन, एकताको प्रतीकका रुपमा, अन्तिम रक्षकको रुपमा रहने सक्ने, त्यो पनि संवैधानिक परिधिमा रहेर।

**० यसो भन्नासाथ मानिसहरुको ध्यान ज्ञानेन्द्र, पारस र हृदयेन्द्रमा जान्छ। किनभने अर्को ठाउँबाट राजा ल्याउने त पक्कै हैन होला।**

अहिले हामीले कुनै व्यक्तिको बारेमा छलफल गर्नु अघि त्यो संस्थाको अवश्यकतालाई हामीले महशुस गरौ भने त्यसलाई कुन रुपमा कायम राख्ने, कसले प्रतिनिधित्व गर्ने भन्ने कुरा आउन सक्छ। अहिले नै लिएर जानु

**बाँकी ७ पेजमा**

# राजसंस्था पुन...

पृष्ठ ६ को बाँकी

अपरिपक्क हुनसक्छ ।

**० भनेपछि बेलायतमा मेरी दम्पत्तिलाई ल्याएजस्तो संसदले राजसंस्थालाई ल्याउन सक्ने भयो हैन ?**

हो । राजसंस्था पुनःस्थापना गर्ने क्रममा हाम्रो चरणवद्ध योजना छ । पहिलो प्राथमिकता सबै राजनीतिक शक्ति र दलहरुको सहमतिका आधारमा राजसंस्था कायम गर्ने । त्यो गर्न तयार नहुने हो भने जनताको प्रत्यक्ष मतका आधारमा जाने । त्यो पनि नगर्ने हो भने विद्रोह बाहेक अर्को विकल्प रहँदैन । म तीनवटै सम्भावना देख्छु । तर, अहिले हाम्रो प्रयास भनेको पहिलो र दोश्रो विकल्पमै हुन्छ । हाम्रो पार्टी यही आइडोलोजीका आधारमा संगठन विस्तारमा जान्छ । हाम्रो पार्टीको महत्वपूर्ण आइडोलोजी भनेको राजासहितको प्रजातन्त्र, सनातन हिन्दु राष्ट्र, स्थानीय स्वायत्त शासन हो । उदार खुला अर्थतन्त्र हो । तर, राजसंस्था पुनःस्थापना गर्ने मात्र पार्टीको काम हैन । हिन्दु राष्ट्र पुनःस्थापना गर्ने समिति हैन यो । हामीले त यो बैचारिक धरातलमा रहेर एउटा सबल र सम्पन्न नेपाल निर्माण गर्ने भिजन बोकेर हिडेका हौं । यी हाम्रा पिल्लरहरु हुन्, त्यसमा हामीले एउटा सुन्दर महल बनाउन चाहन्छौं ।

**० अलिकति इतिहास कोट्याउँ । तपाईहरुले किन राजतन्त्र जोगाउन सक्नुभएन । के तपाईहरु असफल हुनुभएको हो ?**

- वास्तवमा यसका दुई वटा पक्ष छन् । एउटा, राजाले जुन कदम चाले, त्यो कदमका पछाडि म कुनै शंका गर्दिन । किनभने राजाले निरंकुश शासन लागू गर्न खोजेको भन्ने लगत प्रचार भएको छ । वास्तवमा राजाको एउटै चाहना के हो भने गृहयुद्धको संघारमा रहेको देश छ, प्रजातन्त्र पनि चुनाव हुन नसकेर ट्राकभन्दा बाहिर गएको छ । यसमा मेरो पनि त केही जिम्मेवारी छ, त्यसकारण ३ वर्षभित्रमा प्रजातन्त्रलाई पनि ट्रयाकमा राखिदिन्छु र यो माओवादी समस्या पनि समाधान गरेर शान्ति स्थापना गर्छु भन्ने एम्बिसनबाट राजाबाट कदम चालिएको हो । तर, त्यो कदमलाई व्यवहारमा कार्यान्वयन गर्ने क्रममा केही कमिकमजोरी भएकै हो । राजाको सहयोगीको छनोटमा केही कमिकमजोरी रहयो । नीतिगत रुपमा पार्टीहरुलाई विश्वासमा लिन सकिएन । पार्टीहरुलाई के भ्रम पर्यो भने हामीलाई त समाप्त पार्न खोजिदैछ, किनभने त्यो संकेत गयो । अर्को, अन्तराष्ट्रिय समुदायलाई पनि विश्वासमा लिन सकिएन । यसरी त्यो बेलाको कमीकमजोरी भयो ।

म लगायतका सहयोगीहरुले भन्नुपर्छ कि राजालाई जुन उचित सल्लाह दिन सकेनौं वा त्यो सल्लाह कार्यान्वयन गर्ने वातावरण बनाउन सकेनौं । के-के सल्लाह दियौं, अब भनेर त काम छैन । त्यसको रिजल्ट भनेको हामीले राजसंस्थालाई जोगाउनका निम्ति हाम्रो टिमले प्रभावकारी ढंगबाट गर्न नसकेको नैतिक जिम्मेवारी लिनैपर्छ । मैले आफ्नो काम जिम्मेवारीपूर्वक गरेको छु, त्यसमा कुनै शंका छैन । तर, मैले आफ्नो जिम्मेवारी लिने पर्छ, हामी असफल भएकै हो ।

अब जहाँसम्म राजसंस्था किन गयो भन्ने सवाल छ, यो त हाम्रो कमजोरीको कुरा भो । अर्कोतर्फ १२ बुँदे समभ्रुदारीभन्दा अगाडि नै भारतीय विदेश मन्त्रालयको उच्च अधिकारीले दिल्लीस्थित अमेरिकी कूटनीतिज्ञसँग अब नेपालमा राजसंस्थालाई पाखा लगाउने बेला आउन लाग्यो । अब माओवादी र राजनीतिक पार्टीहरुलाई मिलाएर जानुपर्छ भन्ने संकेत गरेको केही समयअघि विकिलिक्सले गरेको खुलासाबाट देखियो । त्यो मार्गचित्र अनुसार नै १२ बुँदे समभ्रुदारी भयो । र १२ बुँदे गर्ने क्रमदेखि अहिलेसम्म आउँदासम्म के प्रष्ट भयो भने माओवादी जनयुद्वताका नै भारतीय संस्थापन पक्षसँग सहकार्य गरिएको थियो भन्ने अहिले त जगजाहेर भएको छ । एक प्रकारले भन्ने हो भने बाहय शक्तिको षड्यन्त्र र देशभित्रको उग्रवामपन्थीको रणनीतिको शिकार राजसंस्थालाई बनाइयो । एम्बुसमा पारियो, जसले गर्दा त्यसको डिफेण्ड पनि ठीक ढंगबाट गर्न सकिएन ।

अर्को कुरा, गिरिजाप्रसाद कोइरालाको महत्वकांक्षा, कुण्ठा र प्रतिशोधले पनि काम गरेको हो । महत्वकांक्षा राष्ट्रपति हुने, त्यसलाई उहाँले पछि पनि अभिव्यक्त गर्नु भो । प्रतिशोध राजसंस्थासँग । मैले त्यहीबेला एकजना कांग्रेस नेतालाई सोधेको थिएँ, हैन गिरिजाबाबु किन यति साह्रो रिसाको भनेर । उहाँले राजाले गिरिजाबाबुलाई फिनिस गर्ने भन्ने उहाँको कानमा परेका उहाँले प्रतिशोध लिनुभएको हो । उहाँ केही कुरा सन्न पनि तयार हुनुहुन्न ।

**० राजतन्त्रको अन्त्य जुन तरिकाबाट भयो, त्यसमा तपाईको भनाइ के छ ?**

– त्यसलाई २/३ चरणमा हेर्ने हो भने ०६२/६३ को आन्दोलनको अन्त्य दरबार र आन्दोलनकारीको सम्भौतामा गएर टुंगिएको थियो । राजाको शाही घोषणा सम्भौताको दस्तावेज हो । त्यसको अतिरिक्त लिखित कागजको पनि आदान-प्रदान भएको छ । त्यसको स्पिरट ०४७ सालको संविधानमा टेकेर संविधानसभाको चुनाव गर्ने र संविधानसभाबाट नयाँ संविधान बनाउने । किनभने माओवादीले पनि त्यो बेलामा ०४७ सालको संविधानलाई समाप्त पारेर अन्तरिम संविधान बनाउने कुरा गरेको थिएन । षड्यन्त्रपूर्ण ढंगबाट त्यो काम भयो । त्यही सम्भौताअनुसार राजाबाट प्रतिनिधिसभा पुनःस्थापना भयो । गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने काम भयो । प्रधानमन्त्री भएपछि गिरिजाप्रसाद केही हप्तासम्म पहिलेको जस्तै राजालाई साप्ताहिकरुपमा भेटेर ब्रिफिङ गरिरहनुभएकै थियो ।

०६३ साल जेठ ४ गतेको संसदले घोषणापत्र, जसलाई म्याग्नाकार्टा पनि भनियो, त्यसमा राजाको अधिकार कटौती गर्ने र राजाका उत्तराधिकारीको रुपमा जेठी छोरी समेत रहने पाउने व्यवस्था गरियो । राजालाई स्पेश दिनुपर्छ, बेबी किङ राख्नुपर्छ भन्ने कुरा त एक वर्षसम्म चल्यो । पछि गएर संविधानसभाको पूर्वसंन्ध्यामा ०६४ साल पुस १० गते षड्यन्त्रपूर्वक ढंगबाट संविधानसभाको चुनाव नै नभई राजसंस्थालाई अन्त्य गरेर गिरिजाप्रसादलाई राष्ट्रप्रमुख र सरकार प्रमुख बनाउने काम गरियो ।

र, त्यसलाई कार्यान्वयन गर्ने काम ०६५ साल जेठ १५ गतेको पहिलो बैठकले गर्यो । त्यो पहिलो बैठक पूर्ण नै थिएन किनभने मनोनित सभासदहरु आएकै थिएनन् । दोश्रो संसदमा मन्त्रीहरुलाई पनि बस्ने अधिकार हुन्छ तर, संविधानसभामा सभासदहरुलाई मात्र बस्ने अधिकार हुन्छ । त्यो पहिलो संविधानसभाको बैठकमा सदस्य नै नरहेको व्यक्ति कृष्णप्रसाद सिटौला उपस्थित मात्र हुनुभएन, प्रस्तावक नै बन्नुभयो र एक मिनेट पनि छलफल नगरी मध्यरातमा त्यो प्रस्ताव पारित गरियो ।

**० त्यसबेला राजाले कुनै प्रतिकार नगर्नु र गणतन्त्रलाई स्वीकार्नुको कारण के हो ?**

राजाले प्रतिकार नगरेर ठूलो बुद्धिमतापूर्वक काम गरेको हो । राजाले त्यो निर्णयलाई अवज्ञा गरेको भए धेरै ठूलो रक्तपात हुन्थ्यो । त्यो बेलासम्म मान्छेहरु मर्न र मार्न तयार थिए । त्यस्ता जमातहरु नभएका पनि हैनन् । सेना राजाकै हातमा थियो । दरबारमै सेनाको टुकडी थियो । तर, लोकसम्मतिलाई मानेर जाने नेपालको राजसंस्थाको आफ्नै मौलिक क्यारेक्टरका कारण राजाले त्यसलाई कार्यान्वयन गर्न सहज बाटो दिएको हो ।

अर्को कुरा, एकछिन त्यसलाई बैध नै मान्ने हो भने पनि संविधान नै नवनाई संविधानसभा भंग भएपछि त्यसका निर्णयहरु त बदर भए । संविधानसभाले गरेका कुनै पनि निर्णयहरु भोलि आउने संविधानसभाका लागि बाध्यकारी हुनेछैनन् । संविधानतः राजसंस्था जेठ १४ को अवस्थामा कायमै छ ।

**० अब नयाँ संविधानसभा आएपछि फेरि राजतन्त्रको अन्त्य भएको घोषणा गर्नुपर्छ भन्ने खोजनुभएको हो ?**

-पर्छ नि । नयाँ आउनेले स्वीकार गर्छ कि गर्दैन भन्ने सकिन्न । गणतन्त्र अहिले संक्रमणकालीन अवस्था छ । किनभने अन्तरिम संविधानमा भएका सबै व्यवस्थालाई भोलिको संविधानमा हुबहु राख्नुपर्छ भन्ने जरुरी छैन ।

**० तपाईको पार्टीले बहुमत ल्यायो भने राजतन्त्र पुनःस्थापना गर्छ ?**

-बिल्कुल गर्छौं ।

**० त्यसोभए राजाले पनि त चुनावमा भाग लिएर दुई तिहाई बहुमत ल्याएर आफूलाई पुनःस्थापना गरे भैगो नि त ?**

-मैले बुझेअनुसार राजामाथि ठूलो दबाव छ । विभिन्न क्षेत्रबाट, हुनसक्छ बाहय शक्तिबाट राजा बाहिर फ्रन्टमा आउनुपर्यो, मुभमेन्ट गर्नुपर्यो भन्ने दबाव हुनसक्छ । तर, नेपालको राजाको आफ्नै खालको क्यारेक्टर छ । जनतासँग मूठभेड नगर्ने । चाहे माओवादी नै किन नहोस्, माओवादीविरुद्ध सेना परिचालन गर्न पनि राजाहरुमा धेरै ठूलो रिड्स्टेड थियो । त्यसकारण राजा आफैं सक्रिय हुने भन्दा पनि मूठभेड नहोस् र सर्वसम्मतिबाटै होस् भन्ने चाहना हुनसक्छ ।

**० तपाई विश्वास गर्नुहुन्छ, कुनै दिन नेपालमा सर्वसम्मतिमा राजतन्त्र पुनःस्थापना हुन्छ ?**

-व्यक्तिगतरुपमा कुरा गर्दा मैले नाउँ नलिउँ तर, एकसे एक गणतन्त्रवादी भन्नेहरु कुनै न कुनै रुपमा चाहिने हरेछ भन्नुहुन्छ । उहाँहरु नै भन्नुहुन्छ राजालाई पाखा लगाएर विदेशीको चाकडी गर्न हामीले यो व्यवस्था सोचेको त हैन । आजको त्यस्तो भन्ने उहाँहरुले पनि रियलाइज गर्नुभएको छ । कुनै पनि गल्तीलाई सच्याउने पहिलो स्टेप रियलाइजेशन हो । रियलाइज भएपछि सुधार हुन्छ । *(अनलाइनखबरबाट)*

प्राविधिक कारणबस आजको इन्द्रेणी साप्ताहिक निस्कन नसकेको जानकारी गराउँदछौं । यसबाट ग्राहक वर्गमा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं ।

*- सम्पादक*

## ट्राफिकलाई नबिल बैंकको सहयोग

काठमाडौं/ नबिल बैंकले ट्राफिक कार्यालय, दरबारमार्ग, काठमाडौंको कार्यालय भवन निर्माण गर्न ३ लाख रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराएको छ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उपलब्ध गराइएको रकमको चेक बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल ज्ञवालीले ट्राफिक कार्यालय भवन निर्माण समितिका संयोजक सीताराम हाछेथुलाई हस्तान्तरण गरेका हुन् । कार्यक्रममा ज्ञवालीले बैंकको सहयोगले आगामी दिनमा नागरिकलाई सेवा प्रदान गर्न ट्राफिक प्रहरीलाई उत्प्रेरणा जगाउने विश्वास व्यक्त गरे ।

## ग्लोबल आइएमईसँग गुल्मी विकास बैंक गाभिने

काठमाडौं/ ग्लोबल आइएमई बैंकसँग गुल्मी विकास बैंक गाभिने समभ्रुदारीपत्रमा हस्ताक्षर भएको छ । समभ्रुदारीमा ग्लोबल आइएमई बैंकका ग्लोबल सोसियल संयुक्त मर्जर समिति संयोजक सुदर्शनकृष्ण श्रेष्ठ एवं गुल्मी विकास बैंक अध्यक्ष सीता भुसालले हस्ताक्षर गरेका हुन् । समभ्रुदारीपत्रसहित प्रारम्भिक स्वीकृतिका लागि राष्ट्र बैंकमा संयुक्त निवेदन पेस गरेपछि स्टक एक्सचेन्जमा गुल्मी विकास बैंकको सेयर कारोबार रोक्का गरिएको छ ।

ग्लोबल आइएमई बैंकसँग गतवर्ष आइएमई फाइनान्सियल इन्स्टिच्युसन तथा लर्डबुद्ध फाइनान्स मर्जर भएका थिए । हाल बैंकको निक्षेप ३१ अर्ब र कर्जा लगानी २५ अर्ब हाराहारी छ भने आव चैतमसान्तसम्म ८० करोड सञ्चालन मुनाफा आर्जन भएको छ । बैंकका हाल मुलुकभर ६४ शाखा सञ्जाल तथा ६४ एटिएम मेसिन सञ्चालनमा छन् ।

## एनआइसी फाउन्डेसनको सहयोग

काठमाडौं/ एनआइसी बैंकद्वारा प्रवर्धित नाफारहित संस्था एनआइसी फाउन्डेसनले मोरङ उर्लाबारीस्थित नमुना बालगृहलाई खाद्यान्न सहयोग हस्तान्तरण गरेको छ । प्रत्येक महिनाको १५ हजार हजार रुपैयाँका दरले एक वर्षसम्म १ लाख ८० हजार सहयोग उपलब्ध गराइने बैंकले जनाएको छ । बैंकका दमक शाखाप्रमुख सुजन छाराहाङ राईले बालगृहका अध्यक्ष मीना बरालालाई सहयोग रकम हस्तान्तरण गरेका हुन् । बैंकले यसअघि अघिल्लो आव ०६७/६८, ०६८/६९ र ०६९/७० मा वार्षिक रूपमा क्रमशः १ लाख २० हजार, १ लाख ४४ हजार र १ लाख ४४ हजार बराबरकै खाद्यान्न सहयोग गरेको थियो । महिला विकास तथा बालसुधार गृहमातहतका बालगृहमा ३८ बालबालिका आश्रित छन् ।

## ग्लोबल आइएमईलाई म्युचुअल फन्ड सञ्चालन अनुमति

काठमाडौं/ ग्लोबल आइएमई बैंकले नेपाल धितोपत्र बोर्डबाट सामूहिक लगानी कोष (म्युचुअल फन्ड) सञ्चालनका लागि अनुमति पाएको छ । नाम ग्लोबल आइएमई म्युचुअल फन्ड रहने कोष छिट्टै सञ्चालनमा आउने बैंकले जनाएको छ । हालै बैंकले सातवटा शाखारहित बैंकिङ सेवा, मुलुकभर ६४ बैंकिङ सञ्जाल र ६४ एटिएममार्फत बैंकिङ कारोबार सञ्चालन गरिरहेको छ ।

## मेगाको प्राथमिक सेयर १९ जेठबाट

काठमाडौं/ मेगा बैंक नेपाल लिमिटेडले १९ जेठदेखि २२ गतेसम्म सर्वसाधारणका लागि प्राथमिक सेयर निष्कासन गर्ने भएको छ । बैंकले सोमबार राजधानीमा पत्रकार सम्मेलन गरी प्राथमिक सेयर निष्कासनको घोषणा गरेको हो । मेगा बैंकका अध्यक्ष प्राडा मदनकुमार दाहालले १९ जेठदेखि सर्वसाधारणका लागि प्राथमिक सेयरको सार्वजनिक निष्कासन गर्न लागेको जानकारी दिए । कुल जारी पुँजी २ अर्ब ३३ करोड रुपैयाँमध्ये सर्वसाधारणका लागि छुट्याएको ३० प्रतिशत रकमको प्रतिसेयर कित्ता सयका दरले ६९ करोड ९० लाखबराबरको ६९ लाख ९० हजार कित्ता सेयर सर्वसाधारणका लागि प्राथमिक निष्कासन हुने उनले बताए ।

बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अनील केशरी शाहले मेगा बैंकको सेयरमा ढुक्क भएर लगानी गर्न सर्वसाधारणलाई आग्रह गरे । लामो समयदेखि सर्वसाधारण मेगाको प्राथमिक सेयरको प्रतीक्षामा रहेको बताउँदै सिइओ शाहले सेयर निष्कासनका लागि पूर्णरूपमा तयार रहेको जानकारी दिए ।

न्यूनतम ५ हजार मौज्दातमा खोल्न सकिने यो खातामा ६ प्रतिशत वार्षिक ब्याजको रकम त्रैमासिक रूपमा भुक्तानी पाइन्छ । प्राथमिक सेयरका लागि आवेदनका साथ जम्मा गर्नुपर्ने रकम भुक्तानी गर्न र सेयरको लाभांश सिधै खातामा स्थानान्तरण गर्न सकिनेछ । प्राथमिक सेयर बाँडफाँड तथा स्टक एक्सचेन्जमा सेयर सूचीकृत भएपछि पनि दोस्रो बजारमार्फत सेयर किनबेच गर्दा यही खाताबाट कारोबार गर्न सकिने भएकाले यस खाताबाट लाभ लिन सकिने बैंकको सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । 'हलोदेखि हाइड्रोसम्म'लाई मुख्य नारा बनाएको मेगा बैंकले ठूलो परिमाणमा सेयर निष्कासन गर्न लागेकाले संयुक्त रूपमा सेयर निष्कासन गर्न नागरिक लगानी कोष, नबिल, इन्भेस्टमेन्ट, एनएमबी क्यापिटल र एनआइबिएल क्यापिटल मार्केट्सलाई यसअघि नै प्राथमिक सेयर निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गरिसकेको छ ।

## राप्रपा नेपाल...

भएको देखेपछि राजेश्वर देवकोटाले माछाहरू पानी भएतिर उफ्रेर जानु स्वभाविक हो, राप्रपा पानी सुकेको पोखरीजस्तो भयो भनेका थिए । विश्वबन्धु थापा राष्ट्रिय वास्तविकतालाई एकीकृत पार्टीले अंगीकार गर्न नसकेको दोष लगाउँछन् । हुन पनि एकीकृत राप्रपा बुद्धाश्रम अथवा बुढा पञ्चहरूको क्लब जस्तो देखिएको छ ।

राप्रपा, राजपा र राप्रपा नेपालको एकीकरण संवैधानिक राजतन्त्र र हिन्दू धर्म मान्ने र नमान्ने विवादले सम्भव भएन । त्यही मुद्दामा सहमत हुनेहरू धमाधम राप्रपा नेपालतिर आकर्षित भएपछि राप्रपा नेपाल गद्गद् भएको देखिन्छ ।

## चार दललाई...

आएका छन् । खिलराज सरकार र चार दलीय सिन्डिकेटले नेकपा-माओवादीका वैद्य र मधेसी जनअधिकार फोरम नेपालका उपेन्द्र यादवलाई संयन्त्रमा सहभागी गराएर निर्वाचनको माहोल बनाउने रणनीति लिएका छन् । तर गत मंगलबार खुलामञ्चको संयुक्त आमसभाबाट नेकपा-माओवादीले सिन्डिकेटमा नजाने र वार्ता पनि नगर्ने उद्घोष गरिदिएपछि चार दल र खिलराज सरकारभित्र छटपटी बढेको छ ।

३३ दलकै असन्तुष्टीका कारण चैत्र १ गते निष्पक्ष चुनावका लागि गठन भएको खिलराज सरकार कुहिरोको काग बन्न पुगेको छ । तीन महिना हुन लग्दा पनि असन्तुष्टहरूसँग भेट्ने र चुनावमा सहभागी गराउने प्रयत्न मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले गरेका छैनन् । गृहमन्त्रीलाई वार्ता गर्न अह्राए पनि ३३ दलले पत्याएनन् ।

यद्यपि मधेसी जनअधिकार फोरम नेपालका उपेन्द्र यादवले प्रधानन्यायाधीशबाट खिलराजले राजिनामा दिए चुनामवा भाग लिने संकेत गरेका छन् । यसैबीच सिन्डिकेटका दुई सदस्य कांग्रेस सभापति सुशील कोइराला र एमाले अध्यक्ष झलनाथ खनालले प्रधानन्यायाधीशको पद रिक्त गर्न आवाज उठाएका छन् । यो आवाजलाई प्रचण्डले मंगलबार खारेज गर्दै भने, यो निर्वाचन भाँड्ने षड्यन्त्र हो । यस अघि खिलराजले भनेका थिए, म प्रधान्यायाधीशबाट राजिनामा दिन्नँ ।

अर्थात् निर्वाचनको माहोल बनाउन र ३३ दललाई निर्वाचनमुखी बनाउनु पर्ने बेलामा चार दलीय संयन्त्र आफैं विवादमा फसेको छ । यही मौकामा संयुक्त आमसभाबाट ३३ दल कुर्लिए- निर्वाचन हुँदैन, कुनै पनि हालतमा हुँदैन । निर्वाचन गर्ने भए हाम्रा जनमुखी मागहरू पहिला पुरा हुनुपर्छ । यता सरकार र सिन्डिकेट जबर्जस्ती चुनावमा जाने तयारीमा जुटेका छन् । चुनावमा जानु भनेको भीडन्त र रक्तपातको खतरा हो । किनभने ३३ दलले हतियार उठाउनु परे उठाउने बताइरहेका छन् ।

## गण नदेखिएको...

अर्थात् गणतन्त्र दिवसका दिन सरकारी बिदा भयो र गयो । आम नागरिकले गणतन्त्र दिवस भनेको के हो- त्यो नै थाहा पाएनन् । हुन पनि गणतन्त्र घोषणा र कार्यान्वयन गर्ने संविधानभास मरेको ठ्याक्कै एक वर्ष भयो । यो त जुठो चोखिएको दिनजस्तो मात्र देखियो । उत्साहहीन जेठ १५ 'गणतन्त्र दिवस' आयो र निरस भएर गयो । न गण देखिए, न गणतन्त्र देखियो ।

## दलहरुकै...

हुन सक्ने अवस्था देखिएको छैन ।

पछिल्लो समयमा नेपाली कांग्रेसका सभापति सुशील कोइरालाले नै रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनु पर्ने माग गरिरहेका र रेग्मीले राजिनामा दिनु पर्नेनपर्ने विषयमा एमाओवादीले कुनै निर्णय नगरेको हुनाले दलहरू र रेग्मी सरकारबीच दुरी बढ्न सक्ने भएको हुनाले आगमी मंसिरमा निर्वाचन हुन सक्ने कुरामा विश्वास गर्न सकिने आधारहरू भेटिएका छैनन् । सरकाराई निर्वाचनको लागि उचित राय सल्लाह दिन गठन गरिएको उच्चस्तरीय राजनीतिक संयन्त्र पनि चार दलको दलिय सिन्डिकेटमा परिणत भएपछि त्यसले कुनै ठोस् निर्णय गर्न सकेको छैन । फागुन ३० गते र चैत्र १ गते चार दलबीच भएको सहमति अहिले चार दलले नै स्वीकार नगरेका हुनाले रेग्मी सरकार पनि कमजोर अवस्थामा पुगेको छ । रेग्मी सरकारको निर्माण पनि फागुन ३० र चैत्र १ गतेको सहमति अनुसार नै भएको र अहिले जग नै हल्लिएको हुनाले रेग्मी सरकारको औचित्य माथि नै प्रश्न उठ्न थालेको छ । चार दलले निर्वाचन प्रयोजनको लागि रेग्मीलाई सरकार प्रमुख बनाएता पनि अहिले एमाओवादी र मधेसी मोर्चा एकतातिर अनि कांग्रेस र एमाले अर्को तिर भएका हुनाले निर्वाचन अध्यादेशलगायत निर्वाचन ऐन, कानुनहरू आउन नसकेको हुनाले मंसिरमा निर्वाचन सम्भव होला भन्ने प्रश्न समेत उठ्न थालेको छ ।

## मिति तोक्दैमा...

हो । मिति तोक्दैमा निर्वाचन हुने भए तत्कालिन प्रधानमन्त्री डा.बाबुराम भट्टराईले २०६९ जेठ १४ गते राति मंसिर ७ गते संविधानसभाको दोस्रो निर्वाचन हुने घोषणा गरेका थिए, तर तोकिएको समयमा निर्वाचन हुन सकेन ।

मंसिर ७ गते निर्वाचन हुन नसक्नुका पछाडि संवैधानिक र कानुनी जटिलताहरू थिए । आज पनि ती जस्ताको तस्तै जीवित रहेका छन् । केवल निर्वाचन आयोगले पदाधिकारी पाएको छ । अहिले पनि दलहरू बीच विवादका विषयहरू धेरै रहेका छन् । संविधानसभा कति सदस्यीय रहने, राज्य पुनःसंरचना आयोग कस्तो हुने, प्रदेशको संख्या कति हुने, प्रत्यक्ष र समानुपातिक व्यवस्था कसरी गर्ने, कार्यकारी राष्ट्रपति हुने कि प्रधानमन्त्री, राष्ट्रपति कसरी चुनिने जस्ता जटिल मुद्दाहरू बाँकी रहेका हुनाले मिति तोक्दैमा निर्वाचन हुन सक्दैन । नेकपा-माओवादीलगायतका ३३ दलको खिलराज रेग्मी सरकरको वर्खास्ती र दलीय नेतृत्वमा सरकार निर्माण हुनुपर्ने माग सम्बोधन नभएको खण्डमा आफुहरूले निर्वाचन आयोगमा दल दर्ता समेत नगर्ने र जबर्जस्ती निर्वाचन गराउन खोजे निर्वाचन नै हुन नदिने अडान राखेका हुनाले निर्वाचन हुन सक्ने अवस्था देखिएको छैन ।

चार दलले मात्र सहमति गरी निर्वाचन मिति घोषणा गर्नु र निर्वाचन गराउन खोज्नुले किमार्थ मुलुकले निकास पाउन सक्दैन । मुलुकको पहिलो अवाश्यकता भनेको निर्वाचन नै हो तर आवश्यकता हो भन्दैमा चार दलको मात्र सहभागितामा निर्वाचन गराउन खोज्नुले मुलुकमा रक्तपात मच्चिन सक्ने भएको हुनाले सबै दलको सहयोग र सहमतिमा निर्वाचनको वातावरण बनाउनु नै नेपाल र नेपाली जनताको हितमा हुनेछ ।

## रेग्मीले भने...

गरेर रेग्मीलाई सरकार प्रमुख बनाएका हुनाले अहिले तिनै दलहरूको विवादका कारण समस्या उब्जिएको छ ।

रेग्मीलाई सरकारको नेतृत्व दिने निर्णय एमाओवादीले आफ्नो महाधिवेशनबाटै पारित गराएको हुनाले एमाओवादी अहिले संकटमा फसेको छ । पार्टीको महाधिवेशनबाट निर्णय गराएको कुरालाई उसले अर्को महाधिवेशबाट मात्र सच्याउन सक्ने अवस्था आएपछि माओवादी भित्र पनि विवाद सिर्जना भएको छ । प्रमुख दलहरूले चुनावको सुनिश्चितताका लागि रेग्मीलाई सरकार प्रमुख बनाएका थिए । अहिले आएर तिनै दलहरूले आफ्नो बोली फेर्दै दोहोरो पद नलिन रेग्मीलाई दबाब दिन थालेका हुनाले निर्वाचनको अनिश्चिततासँगै दलहरु र सरकारब ीच दूरी बढेर जाने सम्भावना देखिएको छ ।

चार राजनीतिक दलका नेताहरूले उच्चस्तरीय राजनीतिक संयन्त्रमा कुरा उठाएर त्यही अनुसार अगाडि बढ्नु पर्नेमा सार्वजनिक समारोहमा रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनुपर्ने माग गरेपछि रेग्मी राजनीनिक दलका नेताहरूप्रति आक्रोशित भएका छन् । अस्ति बसेको उच्चस्तरीय संयन्त्रको बैठकमा कांग्रेस सभापति सुशील कोइरालाले रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनु पर्ने माग गरेपछि एमाले अध्यक्ष झलनाथ खनालले तत्कालै कोइरालाको भनाईमा समर्थन जनाएका थिए । तर एमाओवादी र मधेसी मोर्चाले त्यसको विरोध गरेपछि उच्चस्तरीय राजनीतिक संयन्त्रले कुनै निर्णय गर्न सकेन । उच्चस्तरीय राजनीतिक संयन्त्रमा रहेका चार दलभित्र विवाद सिर्जना भएपनि मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीले आफूले प्रधानन्यायाधीशबाट राजिनामा नदिने स्पष्ट अडान राखेपछि दलका शीर्ष नेताहरू अलमलमा परेका छन् । आफैंले निर्माण गरेको रेग्मी सरकारको विरूद्ध दलहरू खनिएर सरकारले केही काम गर्न नसकेको, सरकार चिप्लिएको, असन्तुष्ट पक्षलाई मनाउन नसकेकोजस्ता गम्भीर आरोप लगाएपछि रेग्मीले उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमै उद्घोष गरे, दलहरूलाई मिलाउने दायित्व दलहरूकै हो, सरकारको नेतृत्वमा दलहरूबीच कुरा नमिलेपछि तपाईंहरूकै अनुरोधमा सरकारको नेतृत्व लिएको हुँ, त्यसैले तपाईंहरूले सरकारको विरोध गर्ने हैसियत के ? भनेपछि नेताहरू अवाक भएर हिँडेका एक सहभागीले बताएका छन् ।

## स्वविय...

विद्यार्थीले मतदान गर्न पाउनु हुन्न भन्ने मुद्दाले स्वविय निर्वाचन नै धरापमा परेको छ ।

अखिल क्रान्तिकारी सबै क्याम्पसमा एकैपटक चुनाव हुनुपर्छ, होइन भने चुनाव भाँडिन्छ भनेर तालाबन्दीमा उत्रेको छ । नेविसंघ र अनेरास्वविय विवाद नभएका क्याम्पसमा चुनाव गराँै भनिरहेका छन् । विद्यार्थी भर्नाको अनियमितताामा अखिल क्रान्तिकारी सबैभन्दा बढी बद्नाम छ । २३ गते चुनाव हुन्छ हुन्न स्पष्ट छैन भन्छन् त्रिविका उपकुलपति हिराबहादुर महर्जन । स्वविय चुनावको नजाराले सिन्डिकेट नाँगिएको चर्चा व्याप्त छ ।

## सरकार नै...

भएपनि व्यवसायीहरूले भने २ लाख ८० हजारसम्म उठाइरहेका छन् ।

काठमाडौंस्थित आईएलओका एक अधिकृतका अनुसार आईएलओ १९१ कन्भेन्सन अनुसार विदेशमा काम गर्न जाने कमदारले एक पैसा पनि शुल्क तिर्नु पर्दैन । कामदारको हितका लागि भनेर सरकारले केही नियम बनाएर लागु गरेपनि पैसा भने तोक्न पाउने अधिकार छैन । विदेशमा काम गर्न जाने कामदारको सम्पूर्ण खर्च काम दिने कम्पनीले तिर्ने कानुनी प्रावधान भएपनि बैदेशिक रोजगार व्यवसायीहरूले भने भीसा शुल्क भनेर अर्काको देशको भीसाको मूल्य निर्धारण गर्नु सिधै ठगी हो । अर्काको देशको भिसाको शुल्क नेपालका व्यवसायीहरूले तोक्छन्, अनि त्यसलाई बैदेशिक रोजगार विभागले स्वीकृति दिने गरेको छ । आजसम्म नेपालबाट करिब २७ लाख ५० हजार नेपाली बैदेशिक रोजगारको लागि गएका छन् । तिबाट उठाएको भीसा शुल्कको रकम करिब एक खर्ब ३० अर्ब हुन आउँछ । तिर्नै नपर्ने रकम तिर्नु पर्दा समेत सरकार भने मौन रहेर ठगी धन्दा गर्नेलाई नै प्रोत्साहन गरिरहनुको अर्थ के ? तिर्नै नपर्ने रकम व्यवसायीहरूले विज्ञापान नै गरेर असुलउपर गर्नु भनेको सिधै ठग्नु हो ।

बैदेशिक रोजगारमा जाने कामदारहरूबाट मेनपावरहरूले उठाउने गरेको फरक रकम गैर कानुनी भएको र त्यस्तो शुल्कको हिसाब हालसम्म कुनै बैंक वा नेपाला राष्ट्र बैंकसँग समेत नरहेको हुनाले बैदेशिक रोजगार व्यवसायीहरूले अरबौं रकम सिधै कुल्याएका छन् । त्यसरी गैरकानुनी माध्यमबाट उठाएको रकम अरबौं हुने भएपनि व्यवसायीहरूले राज्यलाई भने एक पैसा पनि कर तिरेका छैनन् ।

ठूलो मात्रामा राजस्व चुहावट हुँदा समेत आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभागलगायतका अन्य निकायहरू मौन बस्नुले राजस्व चुहावट गर्नेहरूको मनोबल बढेको प्रष्ट देखिएको छ । भीसा शुल्क, कमिशन, मेडिकल खर्चलगायत अन्य विभिन्न बहाना बनाएर रोजगार व्यवसायीहरूले रकम असुल्दै आएका हुनाले अब अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्यसमा सक्रियता देखाएर गरिब नेपाली जनतालाई ठगिनबाट बचाउनु पर्ने र ठगी गर्नेहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउनु पर्ने आवाज समेत उठ्न थालेको छ । सरकारले आफैं हस्ताक्षर गरेको आईएलओ अभिसन्धीमा विदेशमा काम गर्न जाने कामदारबाट पैसा उठान नपाउने स्पष्ट नियम भएपनि सरकारले नै पैसा उठाउन दिनु भनेको आईएलओ अभिसन्धीको उल्लंघन गर्नु हो ।

## सेन्चुरीको सेयर निष्कासन तथा बिक्री प्रबन्धक नियुक्त

काठमाडौं/ सेन्चुरी कमर्सियल बैंकले सर्वसाधारणका लागि प्राथमिक सेयर निष्कासन गर्न संयुक्त रूपमा नागरिक लगानी कोष, नबिल इन्भेस्टमेन्ट, ग्रोमोर मर्चेन्ट, सिभिल क्यापिटल र एनसिएम मर्चेन्टलाई प्राथमिक सेयर निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ ।

बैंकले संयुक्त रूपमा सेयर निष्कासन गर्न पाँचवटै निष्कासन तथा बिक्री प्रबन्धक कम्पनीसँग आइतबार सम्झौतापत्रमा हस्ताक्षर गरेको हो । बैंकले प्रतिसेयर कित्ता १०० का दरले ९२ करोड रुपैयाँबराबरका ९२ लाख कित्ता साधारण सेयर निष्कासन गर्न लागेको हो । बैंकको सेयर निष्कासन कृषि विकास बैंकपछि हालसम्मकै ठूलो वाणिज्य बैंकको सेयर निष्कासन हुनेछ । ०६७ देखि बैंकिङ कारोबार सुरु गरेको बैंकले हाल १० अर्ब रुपैयाँ निक्षेप संकलन र साढे ८ अर्ब कर्जा लगानी गरेको प्रमुख कार्यकारी अधिकृत गणेशकुमार श्रेष्ठले बताए । बैंकका हाल मुलुकभर ३१ शाखा सञ्जाल रहेका छन् ।

नयाँ नेपाल निर्माणको दिशामा सहभागी हुन नयाँ संविधान निर्माणका लागि आ-आफ्नो क्षेत्रबाट राय, सुझाव एवम् सल्लाह उपलब्ध गराऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुढुनगर, फोन : ४७८०२९५ मो. : ९८४१५५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९, बजार व्यवस्थापक : मनोज खड्का (९८४१८१६०७६) मुद्रण : सुनमाया प्रिन्टिङ प्रेस, बागबजार